# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४१, २०७९ साल जेठ १० गते मंगलबार (May 24, 2022) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन** सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।



सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# पेट्रोलियम पदार्थको मुल्य फेरी बढ्यो सर्वसाधारण मारमा

**मोहन कार्की**

नेपालमा पेट्रालियम पदार्थको मुल्य पुनः बढेको छ। अन्तराष्ट्रिय मुल्य समायोजन गर्न भन्दै सोमवार रातिवाट नेपाल आयल निगमले पेट्रोलको मुल्य १८० डिजेलको १६३ मट्टितेलको १६३ र खाना पकाउने एलपी ग्यास १८०० नेपाल आयत निगमले जारी गरेको सूचीमा उल्लेख छ। नेपालमा पेट्रोलियम पदार्थको मुल्यबृद्धिसँगै सवै उपभोग्य बस्तुमा मुल्यबृद्धि हुने गरेको छ। नेपालमा आफ्नै स्थानीय तहमा उत्पादन हुने भनेको सामान्य कृषि



सामग्री हो। त्यो वाहेक अरु उपभोग्य वस्तु धेरै जति विदेशवाट आयत गर्नुपर्छ। त्यसकारणले गर्दा पेट्रोलको मुल्यबृद्धि हुने वितिक्कै सवै क्षेत्रमा मुल्यबृद्धि हुने गरेको छ। त्यसमाथि यहि बाहनामा काला बजारी गर्नेलाई झनै के खोज्छस् कानो आखा भने झै भएको छ।

**यस्ता मुल्यबृद्धिले कसलाई असर गर्छ ?**

विशेष गरेर मुल्यबृद्धिले सर्वसाधरण दैनिक ज्यालादारी गरेर जीविकोपर्जन गर्ने मजदुर र विकट गाउँहरुबाट अवसरको खोजी गर्न शहरमा बसोवास गर्दै सामान्य प्राइभेट कम्पनीमा जागिर खाएका कर्मचारी, तल्लो दर्जामा कम तलव भएका सरकारी कर्मचारी, स्कुल, कलेजमा पढ्न काठमाडौ उपत्यका वा अन्य शहर जस्तै चितवन, पोखरा, धनगढी, विराटनगर, सुनसरी, वुटवल, घोराही, तुलसीपुर, नेपालगञ्ज, जस्ता शहरी क्षेत्रमा बसोवास गर्ने विद्यार्थी, शिक्षक र कम आय भउका मानिसहरुलाई बढी असर गर्ने गर्छ यस्ता शहरहरुमा सवै उपभोग्य बस्तु बजारवाट खरिद गरेर खानुपर्छ। जसले गर्दा शहरका मनिस प्रत्यक्ष प्रभावित हुन्छन्।

**विगतमा पनि यस्ता समस्या थिय त ?**

यस्ता समस्या विगतमा पनि नआएका होइनन्। कुनैबेला भारतले तेल रोकेर नेपालको सरकार ढाल्ने सम्मको रोल खेल्यो। तर नेपालका नेतृत्वकर्ताहरुको चेत कहिल्यै फिरेन। अर्थात सरकार सञ्चालन आलोपालोमा ठेक्का पाए जस्तै ठान्ने राजनीतिक पार्टीका नेताहरुले वैकल्पिक तयारीहरु गरेका छैनन्। देखिदैनन्।

गर्नुपर्ने कामहरु यस्ता हुनुपर्थ्यो।

विद्युतिय उपकरणबाट खाना पकाउने व्यवस्था, विद्युतिय सवारी साधनको प्रयोग,

बाँकी ६ पृष्ठमा

# धरान उपमहानगरपालिकामा स्वतन्त्र उम्मेद्वार हर्कराज साङपाङ राई विजयी

सुनसरी। प्रदेश नम्बर १ को सुनसरीको धरान उपमहानगरपालिकामा स्वतन्त्र उम्मेद्वार हर्कराज साङपाङ राई विजयी भएका छन्। उनले २०८२१



मत ल्याएर विजयी भएका हुन्। उनले प्रतिद्वान्द्वी नेपाली काँग्रेसका किशोर राईलाई ४७६२ मतान्तरले पराजित गर्दै

बाँकी ६ पृष्ठमा

# काँग्रेस र माओवादीले बढाए, एमालेले गुमायो

काठमाडौं। यसपालीको स्थानीय चुनावमा नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रले २०७४ को चुनावको तुलनामा बढी पालिका जितेका छन्। नेकपा एमालेले भने गएको चुनावको तुलनामा बढी पालिका गुमाएको छ।

देशभरका ७५३ पालिकामध्ये ७०८ को नतिजा आइसकेको छ। ४३ पालिकाको मतगणना जारी रहँदा आउने परिणामले पनि काँग्रेसलाई पहिलो स्थानमा उकाल्ने र एमालेलाई दोस्रो स्थानमा झार्ने निश्चित छ। २ पालिकामा मतगणना नै सुरु भएको छैन।

माओवादी केन्द्रले १२० पालिका जितेको छ। २ स्थानमा माओवादी अगाडि छ। माओवादीले पनि २०७४ को स्थानीय चुनावको तुलनामा बढी पालिका जितिसकेको छ। त्यतिबेला १०६ पालिका जितेको थियो।

जनता समाजवादी पार्टीले २८ पालिका जितेको छ। ३ पालिकामा अगाडि छ। जसपाले भने २०७४ को हाराहारीमै पालिका जित्ने अवस्था बनेको छ। त्यतिबेला जसपा संघीय समाजवादी फोरमको नाममा चुनाव लडेर ३४ पालिका जितेको थियो।

तत्कालीन राजपा अहिले लोकतान्त्रिक समाजवादी पार्टी बनेको छ। लोसपाले १२ पालिका जितेको छ। उसले ५ मा अग्रता कायम राखेकाले विगतको तुलनामा कम संख्या जित्ने देखिन्छ। त्यतिबेला राजपाले २५ पालिका जितेको थियो। राष्ट्रिय प्रजातन्त्र पार्टीले ४ पालिका जितेको छ। २०७४ मा उसले ५ पालिका जितेको थियो। यसपटक राप्रपाको देशभर मत भने बढेको देखिन्छ।

नेकपा एस नेकपा एमालेबाट फुटेर बनेको दल हो। उसले १७ पालिका जितेको छ। २ पालिकामा अगाडि छ। एस स्थानीय चुनावमा पाचौं ठूलो दल बन्ने अवस्थामा छ।

गठबन्धनको राष्ट्रिय जनमोर्चाले पनि विगतको तुलनामा बढी पालिका जितेको छ। जनमोर्चाले विगतमा ३ पालिका मात्र जितेको थियो। नेमकिपाले २०७४ को जस्तै भक्तपुर नगरपालिका मात्र जितेको छ। यसपटक रेशम चौधरीसँग सम्बन्धित दल नागरिक उन्मुक्ति पार्टीले

बाँकी ६ पृष्ठमा

# बागमती प्रदेशमा एमाले पहिलोबाट तेस्रोमा झर्‍यो


काठमाडौं। वैशाख ३० गते देशभर एकै चरण्मा भएको स्थानीय निर्वाचनको मत परिणाम आउने क्रम जारी छ। संघीय राजधानीसमेत रहेको वाग्मती प्रदेशको मत परिणाम अन्तिमतिर पुगेको छ।

कुल ११९ स्थानीय तह रहेको वाग्मती प्रदेशका ११५ स्थानीय तहको नतिजा आउँदा कांग्रेस सबैभन्दा ठुलो पार्टी बनेको छ। ०७४ मा पहिलो पार्टी बनेको एमाले तेस्रोमा झर्ने देखिएको छ। हालसम्मको नतिजाअनुसार कांग्रेस ५६ पालिका जित्दै पहिलो स्थानमा छ। एमाले र माओवादी केन्द्रले २६/२६ पालिका जितेका छन्। नेकपा (एकीकृत समाजवादी)ले पाँचवटा पालिका जितेको छ भने राप्रपा र नेपाल मजदुर किसान पार्टीले १/१ पालिका जितेको छ। नतिजा आउन बाँकी रहेका चारवटा पालिकामध्ये काठमाडौंमा स्वतन्त्र उमेदवार बालेन साह फराकिलो मतान्तारले अगाडि छन्। भरतपुर महानगरमा पनि माओवादी केन्द्रकी रेनु दाहालेले पनि अग्रता बढाउँदै लगेकी छन्। ललितपुर महानगर र काभ्रेको पाँचखालमा पनि कांग्रेसका उमेदवार फराकिलो मतान्तरले एमालेका उमेदवारभन्दा अगाडि छन्। बाँकी रहेकामध्ये भरतपुर महानगरमा माओवादी केन्द्रले जित्ने सम्भावना बलियो देखिएको छ। वाग्मती प्रदेशमा माओवादी २७ स्थानीय तहसहित दोस्रो ठुलो पार्टी बन्ने देखिएको छ। यता एमाले भने नतिजा आउँन बाँकी रहेका पालिकामा अनुकूल नतिजा नआउँदा तेस्रो पार्टीमा सीमित हुने अवस्थामा छ।

०७४ को स्थानीय तह निर्वाचनमा ३५ स्थानीय तह जितेर दोस्रो भएको कांग्रेसले २१ स्थानीय तह थपिसकेको छ। नतिजा आउन बाँकी रहेका दुई पालिकामा पनि कांग्रेसले फराकिलो अग्रता कायम गरेको छ। यस्तै, ०७४ मा ६४ स्थानीय तह जित्दै पहिलो पार्टी बनेको एमालेले बाँकी रहेका चार पालिकामध्ये कुनैमा पनि अग्रता लिएको छैन। उसले ३८ पालिका गुमाउने अवस्था देखिएको छ।

यता ०७४ मा १७ पालिकामा नेतृत्व जितेको माओवादीले ९ स्थानीय तह थप्न सफल भएको छ। भरतपुरमा पनि जितेमा माओवादी २७ पालिकासहित

बाँकी ६ पृष्ठमा

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# नवनिर्वाचित जनप्रतिनिधले जनतामा विश्वास भरुन्

२०७८ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचन सम्पन्न भएर परिणाम आउन थालेको छ । अहिलेसम्म नेपाली काँग्रेसले लगभग ३०० स्थानीय तहमा विजय हासिल गरिसेको छ । भने नेकपा ( एमाले) ले २०० को हाराहारीमा स्थानीय तहमा विजय हासिल गरेर दोस्रो स्थानमा छ । त्यसैगरी नेकपा (माओवादी केन्द्र) तेस्रो स्थानमा छ । जनता समाजवादी पार्टी चौथो स्थानमा रहेको छ । नेकपा( एकीकृत समाजवादी ) चौथो स्थानमा कामय रहेको छ ।

गएको २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमाले पहिलो पार्टीको रुपमा रहेको थियो । नेकपा (एमाले) वाट फुटेर बनेको एकीकृत समाजवादी पार्टी बनेपछि नेकपा (एकीकृत समाजवादी, नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा पाँचदलीय गठबन्धन गरेर चुनावमा गएका थिए ।

यसरी निर्वाचनमा जादा सवैभन्दा फाइदा नेपाली काँग्रेस र नेकपा माओवादी केन्द्रलाई पुगेको छ ।

अझै नेपाली काँग्रेसको सिट संख्या बढ्ने देखिन्छ । नेपाली काँग्रेसले मत गणना भईरहेका स्थानहरुमा धेरै जति ठाउँमा अग्रता कायम नै राखेको छ । यो आकाडा हेर्दा सवैभन्दा धेरै स्थानीय तहमा नेतृत्व गर्ने नेपाली काँग्रेस हुने देखिन्छ ।

नेपालमा गणतन्त्र स्थापना पछि २०७२ साल आसोज ३ गते घोषणा भएको गणतान्त्रिक संविधानले निदृष्ट गरेको संघियता सहितको स्थानीय तह अर्थात गाउँ गाउँमा सिंहदरवार भनेर उक्त ऐनलाई कार्यन्वयनमा ल्याउन २०७४ सालमा स्थानीय तह, प्रदेश, संघ गरी तिनै तहको निर्वाचन भएको थियो ।

उक्त संविधानले अध्यावधिक गरेको निर्वाचन यो दोस्रोपटक भएको हो ।

पहिलो पटक निर्वाचन भयर आएका जनप्रतिनिधिहरुले खासै आसलाग्दा कामहरु गरेका देखिएका छैनन् । २०७२ सालमा नयाँ संविधान जारी भएर २०७४ मा नयाँ ब्यवस्था अनुसार स्थानीय तहको निर्वाचन भएर नयाँ ऐन आएको भएपनि पुरानै पार्टीका पुरानै नेताहरु विगतमा गा.वि.स. अध्यक्ष भइसकेकाहरुले नै नयाँ संरचनमा पनि स्थानीय तहको नेतृत्व गरेका कारण उल्लेखिय प्रगति हुन सकेको थियन ।

त्यस्तै २०७८ साल बैशाख ३० गते भएको स्थनीय निर्वाचनमा पनि केही केही ठाउँहरुमा नयाँ युवा पुस्तहरुले निर्वाचनमा विजय हासिल गरेपनि धेरै जति ठाउँहरुमा पुरानै अनुहार र पात्रा विगत पञ्चायत देखि अहिलेसम्म दोहोरिएका छन् । ब्यवस्था नयाँ भएपनि प्रबृति परानै छन् ।

नयाँ ब्यवस्थाले थुप्रै अधिकारहरु प्रत्यायोजित गरेर आशलाग्दो बनाएको भएपनि कार्यन्वयन फितलो हुदा विश्वसनीय आधार भने देखिदैन ।

त्यसैले नव निर्वाचित स्थानीय जन प्रतिनिधिहरुले स्थानीय अधिकारलाई सदुपयोग गरेर जनतामा बद्दै गएको निरासा र अविश्वासलाई उर्जा भर्ने गरी काम गर्नुपर्ने देखिन्छ । त्यस्तो विश्वास जनतालाई गराउन नसकेको खण्डमा नेपालको स्थानीय अधिकार माथि प्रश्न उठ्न सक्छ यता पर्टी ध्यान दिएर काम गर्न नव निर्वाचित जन प्रतिनिधिहरुले सक्छन् की सक्दैनन् ।

# सार्वजनिक जीवनमा नागरिक शिक्षा

**लक्ष्मीविलास कोइराला**

स्थानीय तहको निर्वाचनमा मतदान गर्न लाइन बसिरहेका बेला मेरो साथीले मलाई सोधे मतपत्र त ठूलो छ रे । चिन्ह् कता कता होला, छाप लगाउने बेलामा अलमल हुने त होइन ? स्नातकोत्तरको अध्ययन गरेका, २० वर्ष सरकारी जागिर खाइसकेका धेरथोर राजनीतिमा चाख दिने साथीको आत्मविश्वास त यो हाल छ सामान्य मानिसको हे होला ? मान्छेले पढेर मात्र त सबै थोक जान्दो रहेनछ । हरेक क्रियाकलापको कार्यसम्पादन विधि प्रक्रिया आफ्नै र फरक फरक हुन्छ । त्यस्तो विधि र प्रक्रिया जान्न त त्यही सम्बन्धमा अध्ययन र अभ्यास गर्नुपर्ने रहेछ ।

नागरिकलाई आफ्नो हक अधिकार, कर्तव्य र दायित्व जानकारी तथा अभ्यास नभएका कारण नीति योजना कार्यक्रम कार्यान्वयन हुन सकेका छैनन्, देशमा विकास हुन सकेको छैन, सार्वजनिक सेवा प्रवाह सन्तोषजनक छैन, शासन सञ्चालन नागरिकमैत्री बनेको छैन, देशको सीमित स्रोतसाधनको प्रयोगमा हिनामिना देखिएको छ, निर्वाचनमा जित्नुपर्नेले हारेको र हार्नुपर्नेले जितिरहेको छ, म लाइनमा नै सोच्न थालें । सार्वजनिक जीवनका विभिन्न पेसा व्यवसायमा व्यस्त मानिसलाई समाजमा आयोजना हुने विविध कार्यक्रम’दयगत आवश्यक जानकारी दिई सशक्तीकरण गर्नुपर्ने मलाई खाँचो महसुस भयो ।

सार्वजनिक वा निजी वा कर्पोरेट हाउस सम्बन्धित क्रियाकलापको सम्बन्धमा नागरिकलाई जानकारी दिने र प्रयोग गर्न सक्षम बनाउने शिक्षा नागरिक शिक्षा हो । नागरिक शिक्षाले नागरिकलाई सुसूचीत गर्ने र आफ्नो विषयमा प्रश्न सोध्न सक्नेगरी सशक्तीकरण गर्दछ । नागरिक र शिक्षा शब्दको संयोजनबाट नागरिक शिक्षा बनेको छ । देशका बासिन्दा नागरिक कहलिन्छन् र उनीहरूमा राजनीतिक कानुनी हक अधिकार अन्तरनिहीत हुन्छ । नागरिकलाई आफूमा अन्तरनिहीत हक अधिकारको अभ्यास गर्न सशक्तीकरण गर्ने माध्यम नागरिक शिक्षा हो ।

नागरिकलाई देशको शासनमा सहभागी हुन र विकासको उपलब्धि उपभोग गर्न सक्नेगरी सशक्तीकरण गर्न व्यक्तिको ज्ञान, सीप, चरित्र निर्माण र सभ्य व्यवहार विकास गर्न नागरिक शिक्षा दिने गरिन्छ । आफ्नो विषयमा आफैं निर्णय लिन सक्ने, आफ्नो हक अधिकार के हो ? कर्तव्य र दायित्व के हो ? भन्ने विषयमा जानकार नागरिकको उत्पादन गर्न शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गर्नु, बहस पैरवी गर्नु तथा जानकारी दिनुलिनु नागरिक शिक्षा हो । नागरिकलाई आफ्नो हक अधिकारप्रति सचेत बनाउन र हक अधिकार प्रयोग गर्न सक्षम बनाउने उद्देश्य नागरिक शिक्षाले लिएको हुन्छ ।

प्रजातन्त्र, मानव अधिकार र नागरिक शिक्षा एकअर्कामा अन्तरनिर्भर र अन्तरसम्बन्धित छन् । नागरिक शिक्षाले नागरिकलाई लोकतन्त्रको अभ्यास गर्न, मानव अधिकार उपयोग गर्न, कार्यसम्पादन प्रक्रियामा पारदर्शीता कायम गर्न, आधुनिक सूचना सञ्चार प्रविधि उपयोग गर्न, भ्रष्टाचार अनिनयमितताविरूद्ध बोल्न, सामाजिक विकृतिमा सुधार ल्याउन, सामाजिक द्वन्द्व समाधान गरी समाजमा सद्भाव कायम गर्न, बहुसांस्कृतिक विविधताको सम्मान र विकास गर्न, सार्वजनिक निकायको निर्णय निर्धारणमाथि निगरानी राख्न सक्षम बनाउँछ ।

प्रजातन्त्रको अभ्यासलाई सहभागिता मूलक, उत्तरदायी र परिणाममुखी बनाउन नागरिक शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । नागरिक शिक्षा स्वशासित शिक्षा हो । आफैंले आफूलाई नियन्त्रण गर्न, उत्प्रेरित गर्न र सक्रिय राख्न क्रियाशील बनाउने भएकाले नागरिक शिक्षालाई स्वशासन मूलक शिक्षा भनिएको हो ।

नागरिक शिक्षाले नागरिकलाई हक अधिकारप्रति सचेत, अभ्यासका लागि सक्षम र कर्तव्यप्रति निष्ठावान बनाउँछ । अर्थात्, नागरिक शिक्षाले नागरिकलाई राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक एवं प्राविधिक रूपमा सशक्तीकरण गर्ने मात्र होइन प्रतिफल प्राप्त गर्न क्रियाशील पनि बनाउँछ । नागरिक शिक्षा नागरिकलाई नागरिक भएर राज्य सञ्चालनको कार्यक्रममा योगदान दिन प्रेरित गर्ने शिक्षा हो । राज्य सञ्चालनमा नागरिकको भूमिकालाई प्रजातान्त्रिक शासन प्रणालीलाई मात्र महत्व दिन्छ । तानाशाही वा कम्युनिस्ट शासन प्रणालीमा नागरिकलाई केवल राज्यप्रदत सेवा लिने कामदारका रूपमा व्यवहार गरिन्छ र शासन सञ्चालन प्रक्रियामा कुनै भूमिका वा सहभागिता दिइएको हुँदैन ।

जिन ज्याक रुसोले मानिस जन्मदा नै स्वतन्त्र भएर जन्मे पनि सबैतिर सांलोमा बाधिएको हुन्छ भनेका छन् । अर्थात् मानिस अनेकन सामाजिक, सांस्कृतिक र कानुनी प्रचलनले बाँधिएको हुन्छ र आफ्नो विषयमा निर्णय लिन सिक्न, संघर्ष गर्न र प्रयोग गर्न संकल्पित हुनुपर्दछ । नागरिकलाई राजनीतिक आर्थिक एवं सामाजिक रूपमा स्वतन्त्र बनाई सच्चा प्रजातान्त्रिक व्यक्तित्व बनाउन नागरिक शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । प्रजातान्त्रिक प्रणालीको साँचो अभ्यास भनेको प्रजातान्त्रिक हक अधिकारको उपयोग गर्नुका साथसाथै स्वतन्त्र जीवनयापन गर्नु हो ।

सार्वजनिक सेवाप्रवाह सन्तोषजनक छैन, शासन सञ्चालन नागरिकमैत्री बनेको छैन, देशको सीमित स्रोतसाधनको प्रयोगमा हिनामिना देखिएको छ

प्रजातान्त्रिक शासन प्रणालीमा नागरिक राजनीतिक रूपले बोल्न, संघसंस्था खोल्न स्वतन्त्र त होला तर गरिबी, अशिक्षा र रोगले व्यक्ति आर्थिक सामाजिक रूपमा स्वतन्त्र हुँदैन । नागरिक आर्थिक सामाजिक रूपमा स्वतन्त्र नभएसम्म राजनीतिक अभ्यास पूर्ण हुन सक्दैन । नागरिक शिक्षाले वैयक्तिक हक अधिकारको अभ्यास, नागरिकको कर्तव्य र दायित्वप्रति सचेत, राज्यको आवश्यकतामा योगदान दिन प्रेरित नागरिक, नियम कानुनको सम्यक ज्ञान, सामाजिक अन्तरविरोधको स्थानमा सद्भाव र सम्मान स्थापना, सांस्कृतिक बहुलताको प्रर्वद्धन, समाजमा उत्पन्न हुन सक्ने नकारात्मक भावको शान्तिपूर्ण समाधान तथा नेटवर्क गभर्नेन्सको अभ्यास गर्ने नागरिकको विकास गर्दछ । विश्वव्यापीकरणले राष्ट्रिय सीमा धुमिल बन्दै गएका छन् र विश्व नागरिक(नेटवर्कमा नागरिक जेलिएका छन् र आपसमा अन्तर्क्रिया गर्दछन् ।

वर्तमान विश्वमा राजनीतिक, सामाजिक एवं आर्थिक प्रणालीका सिद्धान्त र व्यवहार तीव्र गतिमा परिवर्तन भइरहेका छन् । आधुनिक डिजिटल युगमा नागरिक शिक्षा राष्ट्रिय परिवेशमा मात्र सीमित रहेर राजनीतिक आर्थिक सामाजिक स्वार्थ परिपूर्ति हुन सक्दैन । यसकारण नागरिकको ज्ञान, चेतना र सम्पर्क विश्वव्यापी हुन पनि जरूरी छ । सामाजिक सञ्जाल (सोसल मिडिया)को प्रयोगले नयाँ र पुरानो पुस्ता छुट्टिएको छ भने युवा शासन प्रणाली र नागरिक जीवनबाट टाढिएका पनि छन् । यस घडीमा नयाँ पुस्ता र पुरानो पुस्तालाई कनेक्ट गर्न तथा व्यक्ति र समुदाय तथा समुदाय र राज्यलाई राष्ट्रिय र विश्वव्यापी रूपमा जोड्न पनि नागरिक शिक्षा आवश्यक हुन्छ ।

असल नागरिक असल आचरण असल व्यवहार विकास गर्न समाजमा औपचारिक वा अनौपचारिक गरी दई प्रकारका नागरिक शिक्षा रहेका छन् । स्कुलमा गएर आर्जन गरिने ज्ञान स्कुले शिक्षाको परिणाम हो भने समाजिक घुलमिल बहस पैरवी छलफल अर्थात् सामाजिकीकरणबाट प्राप्त सूचना र अनुभव सामाजिकीकरणको उपलब्धि हो । विद्यालय शिक्षा र सामाजिकीकरणबीच अन्तरसम्बन्ध रहेको हुन्छ र एकले अर्कोलाई प्रभावित गरिरहेको हुन्छ । सिकाइ आजीवन चलिरहने प्रक्रिया हो भने अनुभव आजीवन कमाएको सम्पति हो । यद्यपि, परिवर्तनको वहाबसँगै व्यक्तिको सिकाइ अनुभव जहिले पनि अपर्याप्त र अपूर्ण हुन जान्छ र व्यक्तिले कुनै न कुनै माध्यमद्वारा शिक्षा सूचना आर्जन गरी आफूलाई अद्यावधिक गर्दै जानुपर्छ । औपचारिक शिक्षाले समेट्न नसकेको वा औपचारिक शिक्षामा पहुँच नभएका नागरिकलाई अनौपचारिक माध्यम प्रौढ शिक्षा, अनलाइन शिक्षा, गोष्ठी, भेटघाट, काम गर्दै पढ्दै गर्ने शिक्षा प्रणाली समाजमा चलेका छन् । एकेडेमिक डिग्री प्राप्त गरेपछि एउटा बिन्दुमा पुगेर विद्यालय शिक्षा समाप्त हुन्छ । तर, सामाजिकीकरण प्रक्रिया कहिल्यै पनि रोकिँदैन ।

यसकारण मानिसको जीवन रहेसम्म नागरिक शिक्षा आवश्यक हुन्छ र चलिरहन्छ । नागरिक शिक्षाले असल व्यक्ति असल नागरिक उत्पादन गर्दछ । असल नागरिक राजनीतिक प्राणी हो भने असल व्यक्ति राज्यको सम्पति हो ।

असल मानसिकता र असल आचरणको योग

असल व्यक्ति हो । असल नागरिकको सोच, दृष्टिकोण र व्यवहार असल हुन्छ । असल व्यक्तिले वैयक्तिक स्वार्थलाई सामूहिक स्वार्थमा सर्मपण गर्दछ भने असल नागरिकले प्रजातान्त्रिक आचरण र व्यवहार निसंकोच प्रर्दशन र अभ्यास गर्दछ । नागरिक जीवनका लागि सिकेका सीप ज्ञान र चेतनाको प्रयोग गर्दछ । जहिले पनि समाजको लागि मैले के उत्तम योगदान दिन सक्छु भन्ने चिन्तन गर्दछ र समाजलाई रूपान्तरण गर्न सक्रिय हुने गर्दछ । असल व्यक्ति र नागरिकले परिवार, समुदाय, समाज बनेको हुन्छ र असल सरकारको निर्माण पनि गर्दछ र सुशासनको प्रर्वद्धन हुन्छ । असल नागरिक भएको राज्य सचेत, एकताबद्ध, विकसित एवं शक्तिशाली हुन्छ । असल नागरिकमा सकारात्मक सोच, सहनशीलता, सदाचार, समभाव र सद्भाव हुने कारण समुदाय बहुसांस्कृतिक उत्थानको पक्षमा हुन्छ भने समाजमा सबै सांस्कृतिक सम्पदाको समान संरक्षण र विकास हुन्छ जसले अन्तत्वगत्वा समाजमा शान्ति, विकास र समृद्धि ल्याउँछ । नागरिक शिक्षाको सारभूत उद्देश्य नागरिकलाई सचेत, सक्रिय र राजनीतिक आर्थिक एवं सामाजिक क्रियाकलापमा सहभागी गराउनु, राज्यको कार्यसम्पादनमा प्रजातान्त्रिक आचर र व्यवहार अनुशरण गर्नु तथा विकास र समृद्धि हासिल गर्नु हो । सामाजिक कार्यमा हुने सहभागिता सक्रियता नागरिक शिक्षा प्रदान गर्ने एउटा माध्यम हो । नागरिक सभ्यताको विकास गर्न तथा समाजमा देखिने सबैखाले विकृति नियन्त्रणको पहरेदारी गर्न नागरिक संगठित र क्रियाशील बनाउन नागरिक शिक्षा जरुरी छ । प्रजातान्त्रिक अभ्यास भन्नासाथ राज्यमा हुने निर्वाचन, सार्वजनिक विकास निर्माण एवं सार्वजनिक सेवा प्रवाहमा नागरिक सहभागी हुनु हो । बाक्लो नागरिक सहभागिताले नागरिकलाई सशक्तीकरण गर्ने मात्र होइन राज्यलाई समेत कार्यसम्पादनमा सहयोग गरी सफल बनाउँछ । अर्थात् राजनीतिक सामाजिक भेटघाट, छलफल, वहस, पैरवी, विचार मञ्च वा गोष्ठीमा हुने सहभागिताले आपसमा विचार आदानप्रदान गर्ने अवसर दिने मात्र होइन नागरिकबीच नेटवर्क सर्म्पक समेत स्थापित गर्दछ । आपसमा जेलिएको असल व्यक्तिको नेटवर्क समाज आधुनिक सामाजिक सञ्जालमा आउने समाचार सूचनाको मूल्यांकन गर्ने र सोको पक्ष वा विपक्षमा राय पोस्ट गर्ने क्रिटिकल समूहको रूपमा निगरानी गर्न सक्षम हुन्छ । जसले गर्दा सामाजिक सञ्जालमा आउने उत्तेजक सूचना निष्प्रभावी भएर जान्छन् । नेपालको संविधानले नागरिक परिचयका लागि नागरिकता दिने व्यवस्था गरेको छ भने नागरिकलाई संवैधानिक मौलिक हक अधिकार पनि प्रदान गरेको छ । साथै, संविधानले प्रत्येक नागरिकले राष्टूप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र सार्वजनिक सम्पतिको रक्षा गर्नु नागरिकका कर्तव्य भएको उल्लेख गरेको छ । नागरिकले समाजको स्वतन्त्र सदस्य हुने, निर्वाचन तथा जनगणनामा सहभागी बन्ने, राजनीतिक आर्थिक सामाजिक सांस्कृतिक उत्तरदायित्व वहन गर्ने, प्राकृतिक वातावरणको संरक्षण गर्ने, आर्थिक विकास क्रियाकलापमा सहभागी हुने, धनको पुनर्वितरणलाई गरिबी घटाउने गरी वितरण गर्न सक्रिय रहने तथा मानव मर्यादाको सम्मान गर्ने दायित्व पूरा गर्नुपर्ने हुन्छ । समाज परिवर्तनसँगै समाजमा सार्वजनिक सम्पतिको दुरूपयोग र भ्रष्टाचार, आपराधिक क्रियाकलाप, साइवर अपराध, अनुशासनहीनता विकृति बढ्दो छ । समाजमा शैक्षिक निरक्षरता, डिजिटल अज्ञानता, मिडिया निरक्षरता तथा सूचनामाथि अपर्याप्त पहुँच पनि धेरै छ । सामाजिक सांस्कृतिक मूल्य मान्यता स्खलित भएका छन् । स्वस्थ, शिक्षित र सुसूचीत नागरिक आजको आवश्यकता हो । जीवनको हरेक चरणमा नागरिक शिक्षा अनिवार्य हुन्छ र यस्तो शिक्षा उमेर, सांस्कृतिक पृष्ठभूमि, बुझाइको स्तरअनुसार फरक फरक हुनुपर्छ । नागरिक सभ्यताको विकास गर्न तथा समाजमा देखिन सबै खाले विकृति नियन्त्रणको पहरेदारी गर्न लागि नागरिक संगठित र क्रियाशील हुन नागरिक शिक्षालाई प्रभावकारी बनाउनुपर्छ । नागरिक शिक्षामा सहज पहुँच, प्रजातान्त्रिक मूल्य मान्यताको अनुशरण, प्रजातान्त्रिक क्रियाकलापमा सहभागिता, सामाजिक क्रिया कलापमा नागरिक सहभागिताको सम्मान, सूचनामाथिको पहुँचको सुनिश्चितता, सामाजिक समानता र सद्भावको प्रवर्द्धन, बहुलवादी सांस्कृतिक मूल्यमान्यताको सम्मान, सिकाइबानीको विकास, नागरिकमा प्रश्न सोध्न सक्ने आत्मविश्वासको विकास तथा मिडिया उपयोग क्षमता विकासले नागरिक शिक्षालाई प्रभावकारी एवं परिणाममुखी बनाउँछ । नागरिक शिक्षालाई प्रभावकारी बनाउन घरपरिवार, समुदाय समाज तथा सरकारका तीनै तह जिम्मेवार सक्रिय र उत्तरदायी हुनुपर्छ ।

राजधानी दैनिक

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# विपत् व्यवस्थापनमा स्थानीय सरकार

डा. माधव अधिकारी

विशिष्ट भौगोलिक बनोट, भौगर्भिक गतिशीलता, प्राकृतिक एवं मानवीय क्रियाकलाप र जलवायु परिवर्तनबाट परेको प्रतिकूल प्रभावका कारण नेपाल विपत्को उच्च जोखिममा छ । हावाहुरी, बाढीपहिरो, महामारी, आगलागी, शीतलहर र हिमताल विस्फोट, हिम पहिरो तथा विनाशकारी भूकम्पको जोखिममा रहेको विभिन्न अध्ययन, अनुसन्धान र घटनाले देखाएको छ ।

यसै सिलसिलामा विपत्को समाचार दिन प्रतिदिन आउन थालेको छ । उदाहरणका रूपमा २०७९ जेठ ५(६ गते हावाहुरीबाट विभिन्न क्षति भएको समाचार प्रकाशमा आएको छ । विगतमा विपत् जोखिम व्यवस्थापनमा पूर्वतयारी अभाव र जोखिम न्यूनीकरणलाई विशेष महत्व नदिइँदा धनजनको ठूलो नोक्सान भएको छ । विपत् जोखिम व्यवस्थापनलाई विकासका योजनासँग मूल प्रवाहीकरण गरी उत्पादनशील समुदाय, समाजको दायित्वभित्र पार्न आ(आफ्नो क्षेत्रबाट पहल गर्न आवश्यक छ ।

नेपालको राजधानी काठमाडौँ उपत्यकाका साथै तराईका क्षेत्र तथा पहाडी भूभाग प्राकृतिक प्रकोप व्यवस्थापनको दृष्टिले अति संवेदनशील क्षेत्र मानिन्छ । घना आवादी बढ्दै जानु, कमजोर किसिमले आधारभूत संरचना निर्माण हुनु, जाडोयाममा शीतलहर र आगलागी, वर्षायाममा चारैतिर ठूलो बाढीपहिरोका समस्याका कारण यहाँको प्रकोप तथा जोखिमको स्तर बढ्दै गएको पाइन्छ । अव्यवस्थित रूपमा भइरहेको सहरीकरणसँगै भूकम्पीय दृष्टिले नगर क्षेत्रका भवन तथा भौतिक संरचना पनि जोखिमको अवस्थामा छन । नेपालका विभिन्न क्षेत्रमा भूकम्प, बाढीपहिरो, विस्फोट, आगलागी, सुक्खा, आँधीबेहेरी, शीतलहर, चट्याङ, डढेलोजस्ता सम्भाव्य सबै प्रकारका विपत्जन्य अवस्थाको पूर्वसूचना, सङ्कटापन्न अवस्था तथा त्यस्ता क्षेत्रमा रहेका जोखिम विवरण समुदाय र सरोकारवाला निकायलाई उपलब्ध गराई सम्भाव्य विपत्बाट बचाउन पूर्वतयारीका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सोसम्बन्धी कार्य गर्न आवश्यक छ । विपत् व्यवस्थापनको पूर्वतयारी नहुँदा यस्ता विपत्लाई व्यवस्थापन गर्न कठिनाइ र लामो समय लाग्छ । जाडोयाम बढेसँगै आगो ताप्न जथाभावी फोहोर जलाउने तथा आगो बाल्ने कारणले गर्दा पनि आगलागी तथा डढेलोजस्ता विपत्को सामना गर्नुपरेको छ । यसका अतिरिक्त विभिन्न प्रकृतिका महामारी, औद्योगिक दुर्घटना, विस्फोट, सडक तथा हवाई दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपत्का घटना पनि हुने गरेका छन । यसरी नेपालले बर्सेनि प्राकृतिक तथा गैरप्राकृतिक विपत्का घटनाको सामना गरिरहनुपरेको छ ।

केही तथ्य र तथ्याङ्कका आधारमा नेपाल विश्वमा विपत् जोखिमको नक्साङ्कनमा बीसौँ स्थानमा रहेको छ भने नेपाललाई पहिरो र बाढीजस्ता जलजन्य प्रकोपको जोखिमको दृष्टिकोणबाट तीसौँ स्थानमा राखिएको छ । काठमाडौँ उपत्यकालगायत नेपालको पहाडी र हिमाली भाग तथा भूकम्पीय प्रभावका दृष्टिबाट प्रथम जोखिमपूर्ण स्थानमा छ । नेपालको सम्पूर्ण भूभाग भूकम्प जाने सम्भावित क्षेत्रभित्र पर्छ भने मध्य भूभाग अति जोखिम क्षेत्रभित्र पर्छ । जलवायु परिवर्तनका कारणले नेपालमा नियमित रूपमा वर्षा हुँदैन ।

कहिले भारी वर्षा र कहिले अनावृष्टि हुने खतरा छ भने कमजोर र भिरालो धरातलीय कारणबाट भूक्षय भई नेपालको अधिकांश तराई भूभागमा बाढीपहिरोले सताउने गरेको छ भने अर्कोतर्फ वनजङ्गलको विनाश, प्रकृतिक स्रोत पानी, ढुङ्गा, बालुवा आदिको अनियन्त्रित दोहन तथा अव्यवस्थित बसोबासले धेरै विपत् निम्त्याएको अवस्था छ । यसले राष्ट्रको करोडौँ आर्थिक धनराशि खेर गएको छ । आगजनीतर्फ विशेषगरी तराईमा गर्मीको मौसममा तापक्रम ४५ डिग्री सेल्सियससम्म पुग्ने भएकाले ग्रामीण बस्तीमा आगलागी ठूलो समस्याका रूपमा रहेको छ भने जाडो महिनामा शीतलहरको उच्च जोखिम रहेको छ । नेपालमा यस्ता विपत्सँग जुध्न सक्ने क्षमताको विकास र पूर्वतयारीजस्ता कार्यमा सारभूत रूपमा ठोस कार्य अझै हुन सकेको छैन । नेपालको भूधरातलीय स्वरूप अनुसार विपत्को दृष्टिकोणले अति संवेदनशील क्षेत्र मानिन्छ । यहाँ प्राकृतिक एवं मानवीय दुवै कारणले ठूला ठूला विपत्का घटना घटी त्यसबाट मानवीय क्षति, भौतिक सम्पत्तिको विनाश तथा वातावरणीय ह्रास भइरहेको छ । नेपालमा प्रकोप आउनुमा मानवीय र प्राकृतिक कारण नै प्रमुख रूपमा रहेका छन । भू(बनोट, जलवायु परिवर्तनको असरले जथाभावी बाढीपहिरो आउने, कतै सुक्खा अनावृष्टि पनि भएको उदाहरण छ भने चट्याङबाट पनि मानिसको मृत्यु भएको छ । वन विनाश, अव्यवस्थित बसोबास, जनचेतनाको कमी, नदीमाथिको दोहन, जथाभावी चरीचरनका कारणले उत्पन्न विपत्बाट प्रशस्त धनमालको क्षति भएको छ । सो निराकरणका लागि विपत्का प्रतिकार्य तथा पूर्वतयारी योजना निर्माणमा सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, सरोकारवाला तथा साझेदार संस्थाको दायित्व रहन्छ । ऐनअनुसार सबै निकायमा रहेको विपत् व्यवस्थापन समितिले प्रभावित क्षेत्रमा योजना तयार गरी कार्यान्वयन गरी उद्धार र राहतको व्यवस्था मिलाउनु अति आवश्यक छ ।

विपत्का समयमा प्रभावित तथा पीडित समुदायलाई उपलब्ध गराउन मानवीय सहयोगका विभिन्न क्षेत्र रहेका हुन्छन । पीडितलाई जीवनयापनका आधारभूत आवश्यकता पूर्ति गर्न, खाद्यान्न, आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन, सुरक्षाजस्ता विषयमा विशेषज्ञता हासिल गरेका समूहले आफ्नै क्षेत्रका जिम्मेवारी लिँदा मानवीय सहयोगका कार्य व्यवस्थित हुन आवश्यक छ । विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्था, आसपासका गाउँपालिका, नगरपालिका र जिल्लामा कार्यरत अन्य सङ्घसंस्थाका उपस्थितिले विपत् व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

एम्बुलेन्स, यातायातका साधन, खानेपानी व्यवस्थापन, पर्याप्त मात्रामा स्वास्थ्यकर्मी, तालिमप्राप्त स्वयंसेवक, खाद्यान्न आदि जस्ता स्रोतको पहिचान र सूचीकरण गरी ती वस्तु तथा सेवाका सम्बन्धमा नगरपालिका/ गाउँपालिका भित्र आवश्यक क्षमता विश्लेषण गर्नु समग्र विपत् व्यवस्थापनका लागि आवश्यक पूर्वाधार विकास गर्नुपर्छ ।

स्थानीय स्तरमा विपत् व्यवस्थापनको कार्य सञ्चालनको नेतृत्वदायी जिम्मेवारी स्थानीय स्तरमा नगरपालिका/गाउँपालिकामा रहेका हुन्छन । यसले गाउँ तथा नगरभित्र सम्पूर्ण विपत् प्रतिकार्ययोजना सञ्चालन गर्छ । विपत् व्यवस्थापन कार्यलाई सहज बनाउन नेपाल सरकारले केन्द्र र प्रदेश तहमा कार्य गर्ने गरी राहत सहयोग, क्षतिपूर्ति व्यवस्थापनलगायतका विषयमा दिग्दर्शन जारी गरेको पाइन्छ, तैपनि आवश्यकअनुसार प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल रेडक्रसका आाफ्नै दिग्दर्शन र कार्ययोजनाअनुसार विपत् व्यवस्थापनमा खटिन्छन् तर तिनको संयोजन र उचित किसिमको समन्वय नभई प्रभावकारी कार्यान्वयनमा कठिनाइ भएको पाइन्छ ।

प्राकृतिक प्रकोपका कारण वातावरण सुहाउँदो विकास नहुनु, जस्तैः नदी अतिक्रमण, सार्वजनिक जग्गा, बाटो, पाटीपौवा, ढल, कुवा आदि अतिक्रमण । विकासको नाममा जथाभावी निर्माण कार्यले डोजर बढी मात्रामा प्रयोग भएको छ । सहरी भवन संहिताको पालना नगरी घर बनेका छन्, जथाभावी सडक खनेर वातावरण बिगारेको स्थिति छ ।

प्रकोपको समस्या समाधान गर्न स्थानीय निकायले आफ्नो क्षेत्रमा वन जङ्गलको संरक्षणमा विशेष ध्यान दिई व्यवस्थित रूपले नदीबाट उचित मात्रामा गिट्टी बालुवा निकाल्ने तथा कृषि(वन सम्बन्धमा संयुक्त परियोजना सञ्चालन गर्दै बढीभन्दा बढी मात्रामा वृक्षरोपण तथा संरक्षणको कार्य गर्नुपर्छ । खोलानाला नियन्त्रण गर्ने, उचित स्थानमा बस्ती बसाउने, विकासनिर्माणका योजना वातावरणमैत्री बनाउनुपर्छ । विपत्को प्रभाव न्यून गर्न पूर्वतयारी गर्ने समुदायलाई प्रकोप बहन गर्न सक्षम बनाउने तथा हरेक वडामा विपत् व्यवस्थापन योजना बनाउन आवश्यक देखिन्छ । स्थानीय निकायले प्रकोप आउनुअघिको अवस्था, भइरहेको अवस्था र त्यसपछिको पुनर्स्थापना कार्यलाई व्यवस्थित रूपले सञ्चालन गर्नुपर्छ ।


जलवायु परिवर्तनका कारण चरम जलवायु घटनाका क्षेत्रीय र सामयिक ढाँचा परिवर्तन हुन सक्ने सम्भावना छ । हालैका वर्षमा मनसुनी वर्षाको ढाँचा परिवर्तन भई मनसुन समाप्त हुन ढिलो हुँदा सक्रिय मनसुनको अवधि लम्बिन गएको सङ्केत पाइएको छ । उच्च तीव्रतर चरम वर्षाको क्षेत्रीय प्रवृत्ति वार्षिक वा मनसुनी वर्षाको प्रवृत्तिभन्दा धेरै फरक हुन्छ । तराई र चुरे क्षेत्र जहाँ अपेक्षाकृत वार्षिक वर्षा र पानी पर्ने दिन कम हुन्छ, उच्च तीव्रतर चरम वर्षाको चपेटामा नेपालका धेरै ठाउँ परेका छन । विपत् प्रकोप र सङ्कट उन्मुखताको संयुक्त परिणाम हो । सबैभन्दा जोखिम समूहमा कम आय भएका र गरिब परिवार, सीमान्तकृत र बहिष्कृत समुदाय, महिला, बालबालिका, वृद्ध र अपाङ्गता भएका पर्छन ।

विपत् जोखिम सामाजिक, आर्थिक र राजनीतिक ढाँचा र उनीहरूबीचको अन्तरसम्बन्धमा निर्भर गर्दछ । विपत्का आयाम गतिशील छन । बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## यस्तो छ सुनापति गाउँपालिकाको निर्णय

रामेछाप । सुनापति गाउँपालिकाले पालिकाभित्रको सुत्केरीलाई चार हजार रुपैयाँ भत्ता दिने निर्णय गरेको छ । नवनिर्वाचित अध्यक्ष ठूलोकान्छा तामाङले पदभार सम्हाल्दै सुत्केरीलाई चार हजार रुपैयाँ भत्ता दिने निर्णयमा हस्ताक्षर गरेका हुन् । पदभार ग्रहण कार्यक्रममा निर्वतमान गाउँपालिकाका अध्यक्ष धावा लामा, प्रमुख प्रशासकीय अधिकृत कमलराज श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो । त्यसैगरी गाउँपालिकाका उपाध्यक्ष गीता विष्ट चौलागाईले पनि पुनः दोस्रो कार्यकालको लागि पदभार ग्रहण गरेकी छिन् ।

## रामेछापमा पार्टीका उम्मेदवारलाई अन्र्तघात गर्नेमाथि कारवाही हुन्छः सभापति तामाङ

रामेछाप । नेपाली कांग्रेस रामेछापका सभापति पूर्णबहादुर तामाङ कान्छारामले स्थानीय तहको निर्वाचनमा पार्टीका उम्मेदवारलाई हराउन भूमिका खेल्नेमाथि कारवाही हुने चेतावनी दिएका छन् । उनले चुनावमापार्टीका उम्मेदवारलाई हराउन अर्न्तरघात गर्ने जो कोहीलाई नछोड्ने चेतावनी दिएका हन् । मन्थलीमा आयोजित पत्रकार सम्मेलनमा सभापति तामाङले पार्टीकै नेता कार्यकर्ताबाट अन्तरघात भएकै कारण पार्टीले लक्ष्य अनुसार परिणाम ल्याउन नसकेको बताए । उनले भने,'पार्टीको जुनसुकै तहमा रहेका नेता हुन अन्तर्गघात गर्नेलाई छोडिदैन, कारवाही गरिन्छ ।' काँग्रेसले रामेछाप नगरपालिका प्रमुख र उपप्रमुख, गोकुलगङ्गा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, लिखुतामाकोसी गाउँपालिकाको अध्यक्ष, उमाकुण्ड गाउँपालिकाको उपाध्यक्ष र दोरम्बा सैलुङ गाउँपालिकाको उपाध्यक्ष जित्दै जिल्लोका ६४ मध्य २४ वटा वडाकोअध्यक्ष जितेको छ ।

## लिखुतामाकोसी गाउँपालिकालाई विधि र पद्दती अनुसार चलाउँछुः अध्यक्ष महत

रामेछाप । लिखुतामाकोसी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष केशव महतले पालिकालाई विधि र पद्दती अनुसार सञ्चालन गर्ने बताएका छन् । गत कार्यकालमा भएका कामको मुल्याङकन गरिने बताउदै नागरिकलाई महशुस हुने गरी सेवा प्रवाह गर्ने कार्यलाई पहिलो प्राथमिकता दिइने बताएका हुन् । पदभार ग्रहण गरेपछि अध्यक्ष महतले भने,'अघिल्लो कार्यकालमा जनप्रतिनिधिहरुबीचकै विवादको कारण पालिकाले भनेजस्तो विकासको प्रतिफल दिन सकेन, यस पटक हामी विगतको कामको समिक्षा गरेर विधि र पद्दतीलाई आत्मसाथ गरेर अघि बढ्छौं ।' नागरिकले पालिकामा सबै दलको प्रतिनिधित्व हुने गरी जनमत दिएको बताउदै महतले सबै राजनीतिक दलहरुसँग सहयोग लिएर नै अगाडि बढने बताए । पालिकामा अब विकास निर्माणको कामलाई गति दिने गरी योजना निर्माण गर्छौ, विगत भन्दा राम्रो काम गरेर जनतालाई परिवर्तनको आभाष दिलाएर छोडछौ, उनले भने ।

## रामेछापको ८ स्थानिय तहका नवनिर्वाचित प्रमुख र अध्यक्षले सपथ लिए

रामेछापका ८ वटै स्थानीय तहका नवनिर्वाचित प्रमुख र अध्यक्षले सपथ लिएका छन् । जिल्लाका २ नगरपालिकाका प्रमुख र ६ गाउँपालिकाका अध्यक्षले आज पद तथा गोपनियताको सपथ लिएका हुन् । नवनिर्वाचित पालिकाका प्रमुख र अध्यक्षहरूलाई जिल्ला न्यायाधीश एवं मुख्य निर्वाचन अधिकृत दिवाकर भट्टले सपथ ग्रहण गराउनुभयो । ८ स्थानीय तह रहेको रामेछापमा उमाकुण्ड गाउँपालिका अध्यक्षमा एमालेबाट शेरबहादुर सुनुवार, गोकुलगंगा गाउँपालिका अध्यक्षमा कांग्रेसबाट काजीबहादुर खड्का दिनेश,लिखु तामाकोसी गाउँपालिका अध्यक्षमा कांग्रेसबाट केशव महत,सुनापति गाउँपालिका अध्यक्षमा माओवादी केन्द्रबाट ठूलोकान्छा तामाङ, रामेछाप नगरपालिका प्रमुखमा कांग्रेसबाट लवश्री न्यौपाने, मन्थली नगरपालिका प्रमुखमा एमालेबाट लव श्रेष्ठ, दोरम्बा शैलुङ गाउँपालिका अध्यक्षमा माओवादी केन्द्रबाट मैनकुमार मोक्तान र खाँडादेवी गाउँपालिका अध्यक्षमा एमालेबाट ज्ञान कुमार श्रेष्ठ निर्वाचित हुनुभएको छ । वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको कार्यकाल आजबाट सुरु हुँदैछ । कार्यभार सम्हाल्नुअघि नवनिर्वाचित जनप्रतिनिधिहरूले शपथ लिनुपर्ने कानुनी व्यवस्था छ । मुख्य निर्वाचन अधिकृतबाट शपथ लिएपछि प्रमुख र अध्यक्षले अब पालिकाका उपप्रमुख वा उपाध्यक्षसहित वडा अध्यक्ष, महिला सदस्य, दलित सदस्य र अन्य सदस्यलाई शपथ गराएर कार्यभार सम्हाल्ने छन ।

## रामेछाप नगरपालिकाद्धारा बधाई तथा स्वागत कार्यक्रम

रामेछाप नगरपालिकाले आज नबनिर्वाचित जनप्रतिनिधिहरुलाई बधाई तथा स्वागत कार्यक्रम गरेको छ । नगरपालिकाले आयोजना गरेको नवनिर्बाचित जनप्रतिनिधिहरुलाई बधाई, स्वागत तथा शुभकामना  कार्यक्रममा बोल्दै नेपाली काङ्गेस रामेछाप नगर सभापति कमलबिक्रम कार्कि, नेकपा एमाले रामेछापका नगर सभापति रोसन पाखिन, नेकपा माओवादि केन्द्र रामेछापका नगर सभापति मोतिलाल तामाङ्गले नव जनप्रतिनिधिलाई बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गर्दै नगरलाई सुसासन र समृद्ध बनाउन सल्लाह सुझाव दिदै आगामि दिनमा समृद्ध नगर बनाउनको लागि सहयोग र सहकार्य हुने प्रतिवद्धता ब्यक्त गर्नुभयो । त्यस्तै कार्यक्रममा बोल्दै नेपाली काङ्गेस जिल्ला कार्यसमिति रामेछापका पार्टि उपसभापति लेख बहादुर कार्कीले नवनिर्बाचित जनप्रतिनिधिहरु निर्वाचित भएदेखि स्बागत सम्मान कार्यक्रम र कतै कतै भोजमा सहभागि भएर समय बिताएकोले अब आजैबाट नगरको जनताको काममा लाग्न, अब जनप्रतिनिधिहरुले आफु कुनैको पार्टिको सदस्य हो भनेर हिड्नु भन्दा जनताको कामदार हो जनताको हितमा काम गर्छु भनेर हिड्न आग्रह गर्नुभयो । साथै अब बर्षाको समय सुरु हुन लागेकोले भोलिबाटै बर्षाको बेला गाडि चल्न सक्ने बनाउन, नगरपालिका भित्र सवारि पार्किङ्गको ब्यबस्था गर्न, गोठगाउ, साँघुटार, देउरालि र हिमगंगाबाट सवारि साधन चल्ने ब्यबस्था मिलाउन आग्रह गर्नुभयो । कार्यक्रममा बोल्दै निवर्तमान उपप्रमुख सिर्जना खड्काले नवनिर्वाचित जनप्रतिनिधिलाई बधाई ब्यक्त गर्दै निति विधि र विधानमा रहेर काम गर्न आग्रह गर्नुभयो । त्यस्तै निवर्तमान नगरप्रमुख नर बहादुर थापा मगरले अहिलेसम्म आफ्नो कार्यकालमा भएका गरेका काम, आफुले भोगेका चुनौती, आईपर्ने समस्याहरुको कारण निति, नियम, पार्टी र संस्था भन्दा बाहिर गएर काम गर्न नचाहदा नचाहदै पनि कहिले काही जनताको हितको लागि विधि र विधान भन्दा माथि उठेर काम गर्नु पर्ने बताउनुभयो ।

# एनआईसी एशिया बैंकको डेपुटी सीइओमा सन्तोष राठी नियुक्त

एन आई सी एशिया बैंक लिमिटेडको २०७९ जेठ ८ मा बसेको सञ्चालक समितिको ५४५ औं बैठकले सन्तोष कुमार राठीलाई बैंकको नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको छ ।

बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहनुभएका उहाँलाई नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७८ को




इ.प्रा.निर्देशन नं. ६/०७८ को बुँदा नं. ७ (१) (छ) मा भएको व्यवस्था बमोजिम बैंकको सञ्चालक समितिले मिति २०७९ श्रावण १ देखि लागू हुनेगरी नायब प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्ने निर्णय गरेको हो ।

२०६४ मंसिर १९ देखि तत्कालीन बैंक अफ एशिया नेपाल लिमिटेडको विराटनगर शाखाको शाखा प्रबन्धकको जिम्मेवारीबाट यस बैंकको सेवामा जोडिनुभएका राठी बैंकको विराटनगरस्थित प्रादेशिक कार्यालयको प्रमुख, विभिन्न इकोसिष्टमहरुको प्रमुख र बैंकको सहायक प्रमुख कार्यकारी अधिकृत हुँदै नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनुभएको हो ।

समग्र बैंक व्यवस्थापन, जोखिम व्यवस्थापन, मानव संशाधन व्यवस्थापन, व्यवसाय विस्तार तथा विविधिकरण लगायत विभिन्न रणनीतिक क्षेत्रमा विशेष दक्षता हासिल गर्नुभएका राठीलाई अनुकरणीय लगन, परिश्रम, दृढता, संकल्प र दक्षता निरन्तर प्रदर्शन गर्दै बैंकको रुपान्तरणमा पुर्याउनु भएको अतुलनीय योगदानको कदर एवं उच्च मूल्याङ्कन गर्दै बैंकले उहाँलाई नायब प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गरेको हो ।

नेपालको बैंकिङ्ग क्षेत्रमा करिब २० वर्षको विभिन्न कार्यअनुभव संगाल्नुभएको श्री राठीले वाणिज्यशास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन पूरा गर्नुभएको छ ।

# सिद्धार्थ बैंक बेस्ट अप्रेसन्स बैंक इन साउथ एसिया-२०२१ अवार्डबाट सम्मानित

सिद्धार्थ बैंक लिमिटेड 'बेस्ट अप्रेसन्स बैंक इन साउथ एसिया-२०२१' अवार्डबाट सम्मानित भएको छ । विश्व बैंक समूहको सदस्य इन्टरनेसनल फाइनान्स कर्पोरेन्स (आईएफसी) द्वारा आयोजित १० औं ग्लोबल ट्रेड अवार्डमा बैंकले उक्त उपाधि प्राप्त गरेको हो । आईएफसीको ट्रेड फाइनान्स कार्यक्रमअन्तर्गत




५०० साझेदार बैंकहरुको प्रतिस्प्रधात्मक प्रक्रियाका आधारमा विभिन्न विधाहरुमा ४८ विजेताहरु छनोट गरिएको हो। जसमध्ये सिद्धार्थ बैंकले सो अवार्ड प्राप्त गरेको हो। आईएफसीअन्तर्गत रहेका नेटवर्क बैंकहरुमध्ये आफ्ना ग्राहकलाई सरल र सहज ढंगले उत्कृष्ट बैंकिङ सेवा प्रदान गर्दै सिद्धार्थ बैंक एउटा सक्रिय साझेदार बैंकको रुपमा प्रस्तुत हुन सफल भएको हो ।

उक्त अवार्ड शुक्रबारका दिन एक कार्यक्रममा आईएफसीका तर्फबाट बंगलादेश, भुटान र नेपालका लागि कन्ट्री म्यानेजर मार्टिन होल्टम्यानद्वारा सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेललाई हस्तान्तरण गरिएको हो । आफ्ना ग्राहकप्रतिको प्रतिबद्धतालाई यस उपाधिले थप मजबुत बनाउने र आगामी दिनहरुमा अझ उच्चस्तरिय सेवा प्रदान गर्न यस उपाधिले बैंकलाई प्रेरित गरेको छ। यस खुसीका अवसरमा बैंकले अटुट सहयोगका लागि आफ्ना ग्राहक, सरोकारवाला र सम्पूर्ण शुभचिन्तकप्रति हार्दिक कृतज्ञता व्यक्त गरेको छ । सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुर्याउने उद्देश्यले बैंकले देशभर १९० वटा शाखा (४ एक्सटेन्सन काउन्टरसहित), ११४ शाखारहित बैंकिङ सेवा र १ हजार ५०० भन्दा बढी पीओएस मेसिनमार्फत उच्चस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

# आइएमई पेको र सेञ्चुरी कमर्सिअल बैंकबीच साझेदारी सम्झौता

आइएमई पेर सेञ्चुरी कमर्सिअल बैंकवीच पार्ट्नर बैंक सम्झौता भएको छ । हालै राजधानी काठमाडौंमा आयोजित एक कार्यक्रमकाबीच सो सम्बन्धि सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सम्झौतापत्रमा आइएमई पेको




तर्फबाट कार्यवाहक प्रमुख कार्यकारी अधिकृत आमोद भट्टराई र सि.सि.बि.एल.को तर्फबाट प्रधान व्यापार विकास अधिकारी शंकर के.सीले हस्ताक्षर गर्नुभएको छ । सम्झौता अनुसारडिजिटल सहजताको निम्ति आइएमई पे मोबाईल वालेट एपमा सेञ्चुरी कमर्सिअल बैंकको खाता लिंक गरी बैंकको वित्तीय सुविधाहरु आइएमई पे एपमा प्रयोग गर्न मिल्ने कम्पनीले प्रष्ट्याएको छ ।

# माछापुच्छे बैंकका ग्राहकले अन्नपुर्ण केबुलकार चढ्दा १० प्रतिशत छुट पाउने

माछापुच्छ्रे बैंकका ग्राहकले अन्नपुर्ण केबुलकार चढ्दा विशेष छुट पाउने भएका छन् । पोखरामा आन्तरिक पर्यटनको विस्तारमा सेवा पुर्याउने र ग्राहकलाई बिशेष छुट प्रदान गर्ने उद्देश्यले माछापुच्छ्रे बैंकले अन्नपुर्ण केबुलकार चढ्ने आफ्ना ग्राहकलाई १० प्रतिशत छुट दिने गरि व्यवसायिक सम्झौता गरेको हो ।

उक्त सम्झौतापत्रमा अन्नपुर्ण केबुलकार प्रालिको तर्फबाट महा प्रबन्धक दिनेश पौडेल तथा माछापुच्छ्रे बैंकको तर्फबाट शाखा प्रमुख आलोक मान श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ । अन्नपुर्ण केबुलकार पोखराको पहिलो केबुलकार सुविधा




हो । जसले त्यस क्षेत्रको पर्यटन व्यवसायमा विशेष टेवा पुर्याउँदै आई रहेको छ ।

सम्झौता अनुसार माछापुच्छ्रे बैंकका ग्राहकहरूले अन्नपुर्ण केबुलकारबाट टिकेट काँटदा बिलमा १० प्रतिशतसम्म छुट पाउनेछन् । उक्त केबुलकार सुविधा पोखराको सेदीबगर देखि सारङ्कोटसम्म रहेको छ । बैंकका ग्राहकहरूले उक्त छुट बैंकको डेबिट/क्रेडिट कार्ड प्रयोग गरी केबुलकारको बिल भुक्तानी गर्दा पाउन सक्नेछन् ।

# बैंक अफ काठमाण्डूका ग्राहकलाई फील गुड बार एण्ड ग्रिलमा १० प्रतिशत छुट

बैंक अफ काठमाण्डू लिमिटेडका ग्राहकले फील गुड बार एण्ड ग्रिल मा १० प्रतिशत सम्म विशेष छुट पाउने भएका छन् । शुक्रबार बैंक अफ काठमाण्डू र




फील गुड बार एण्ड ग्रिल बिच बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड बाट पीओएस तथा मोबाइल बैंकिङ्ग बाट क्यूआर कोड स्क्यान गरी भुक्तानी गर्दा बैंकको ग्राहकलाई १० प्रतिशत सम्मको विशेष छुट उपलब्ध गराउने सम्झौता भएको हो । उक्त छुटको उपयोग गर्नको लागि ग्राहक महानुभावहरुले बैंकको कार्ड तथा मोबाइल बैंकिङ्गको प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ। फील गुड बार एण्ड गिल्लले एयरपोर्ट मोड, बिराटनगरबाट सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा प्रदान गर्दै आईरहेको छ ।

# लुम्बिनी विकास बैंक र धुलिखेल जिपलाइनबीच सम्झौता

लुम्बिनी विकास बैंक लि. ले धुलिखेलमा अवस्थित वर्ल्ड वाईड एडभेन्चर प्रा. लि.(धुलिखेल जिपलाइन) मा आफ्ना ग्राहकहरुलाई विभिन्न सेवा तथा सुविधाहरुमा छुट दिनको लागि सम्झौता गरेको छ। सम्झौतामा उल्लेख भएअनुसार



लुम्बिनी विकास बैंक लि. का आफ्ना सम्पुर्ण ग्राहकहरुलाई डेबिट कार्ड तथा मोबाइल बैंकिङ सेवा प्रयोग गरि धुलिखेल जिपलाइनका विभिन्न जिपलाइन सेवा तथा सुविधाहरु लिए वापत भुक्तानी गर्दा २० प्रतिशत छुट प्रदान गर्ने छ । सम्झौतामा लुम्बिनी विकास बैंकको तर्फबाट मुख्य प्रबन्धक दिपक खनाल र वर्ल्ड वाईड एडभेन्चर प्रा. लि. को तर्फबाट अध्यक्ष केदार बहादुर थापाले संयुक्त रुपमा हस्ताक्षर गर्नुभयो ।

## अर्थ संसार

# इसेवाको ँबीमा शुल्क भुक्तानी गरिन्छ, लखपति बनिन्छँ योजना सार्वजनिक

इसेवाले बीमाशुल्क भुक्तानी गरिन्छ, लखपति बनिन्छ योजना सार्वजनिक गरेको छ । इसेवाले बीमितहरुले घरमै बसेर बीमा शुल्क भुक्तानी गर्न प्रोत्साहन मिलोस् भन्ने उदेश्यले यो योजना सार्बजनिक गरेको हो । यो योजना भदौ ५ गतेसम्म सञ्चालन हुनेछ। यस योजनामा इसेवाबाट कुनैपनि जीवन बीमा कम्पनीको बीमा शुल्क भुक्तानी गर्ने व्यक्तिहरुमध्येबाट बम्पर उपहारमा एक जनाले एक लाख रुपैयाँ उपहार प्राप्त गर्नेछन् । यस्तै उपहार




बिजेता बीमितको बीमा एजेन्ट र सोही एजेन्टको शाखा कार्यालयले पनि रु २०र२० हजार नगद उपहार प्राप्त गर्नेछन् । यसैगरि योजना सञ्चालन अवधिभर बीमा शुल्क भुक्तानी गर्नेहरु मध्येबाट हरेक दिन एक जनाले गोलाप्रथा मार्फत एक हजार रुपैयाँ प्राप्त गर्ने छन् । यो योजना नेपालमा सञ्चालिन सबै बीमा कम्पनीको शुल्क भुक्तानी गर्दा लागु हुनेछ। इसेवाले पछिल्ला दिनमा इन्स्योरेन्स्को प्रिमियम अनलाइनबाट भुक्तानी गर्न प्रोत्साहन गर्नका लागि विभिन्न अफर तथा योजना सार्बजनिक गर्दै आएको छ । इसेवाले हाल एण्ड्रोइड मोबाईलमा ५२ लाख र आइओस् मोबाईलमा करिब १० लाख गरि ६० लाख बढि ग्राहकलाई एप्स् मार्फत सेवा प्रदान गरिरहेको छ । इसेवाले नेपालका सुविधा सम्पन्न क्षेत्रदेखि विकट वस्तीहरुमा हुने आर्थिक कारोबारलाई डिजिटल माध्यम मार्फत धेरै किसिमका सहजता ल्याएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकका ग्राहकलाई २० प्रतिशतसम्म छुट

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र सिन्धुली मुलकोटमा रहेको अक्षित रिसोर्ट एण्ड र्‍याफिटिङ्ग बीच बैंकका ग्राहकहरुलाई रकम भुक्तानी गर्दा अधिकतम २० प्रतिशतसम्म छुट दिने सम्बन्धमा बुधबार सम्झौता भएको




छ । सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र रिसोर्टका प्रोपाइटर रश्मी वस्नेतबिच हस्ताक्षर भएको छ ।

सम्झौता अनुसार राष्ट्रिय वाणिज्य बैंकका ग्राहकहरुले डिजिटल माध्यम (मोवाइल बैंकिङ्ग, एटिएम कार्ड, क्रेडिट कार्ड, कनेक्ट आइपिएस)बाट रकम भुक्तानी गर्दा रिसोर्टले पेय पदार्थमा १० प्रतिशत, खानामा १५ प्रतिशत र कोठामा २० प्रतिशत छुट प्रदान गर्नेछ । कार्यक्रममा बैंकका विभागीय प्रमुखहरु दुर्गाकुमारी कँडेल, सरोज वस्नेत, रिसोर्टका रामप्रसाद नेपाल लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । देशभर बैंकको हाल २५८ वटा शाखा कार्यालय, २४५ वटा ए.टि.एम, ४३ स्थानमा एक्सटेन्सन काउण्टर , ९८ शाखारहित बैंकिंग सेवा सहित आधुनिक डिजिटल बैंकिङ्गको माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ ।

# महालक्ष्मी विकास बैंक २८औं वर्षमा प्रवेश

महालक्ष्मी विकास बैंक २८ औं वर्षमा प्रवेश गरेको छ । जेठ महिनालाई वार्षिकोत्सव महिनाको रुपमा मनाउन लागेको बैंकले देशैभरी रहेका १०३ शाखाबाट करिब ६ लाख ग्राहकलाई उच्चस्तरीय वित्तीय सेवाहरु प्रदान गर्दै आएको दावी गरेको छ । २८ औं वार्षिकोत्सव अवसरमा बैंकले आफ्ना १०३ वटा शाखामा विभिन्न सामाजिक हितका कार्यक्रम आयोजना गरेको छ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

एक शाखा एक वृक्ष, हाम्रो जिम्मेवारी भन्ने मूल नाराका साथ हरेक शाखामा वृक्षारोपण कार्यक्रम आयोजना गरिएको बैंकले जनाएको छ । यस्तै संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत ३३ वटा शाखबाट रक्तदान कार्यक्रम सञ्चालन गरेको छ । बैंकले काठमाडौं उपत्यकामा रहेका आफ्ना शाखाका कर्मचारीहरुको सहभागितामा वित्तीय साक्षरताका निम्ति दरबारमार्गबाट भोटाहिटी, इन्द्रचोक, बसन्तपुर, न्युरोड गेट, महाकाल, रत्नपार्क, जमल हुँदै पुनः दरबारमार्गसम्म प्रभातफेरी पनि गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटा ग्राहकको सन्तुष्टि र संस्थागत सुशासन आत्मसात् गर्दै भविष्यमा अझ सरल, सहज र विश्वसनीय बैकिङ सेवाको पहुँच नेपाली जनतामा पुऱ्याउने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# संघीयता अनुकूल हुनुपर्छ बजेट

**खिमलाल देवकोटा**

स्थानीय तहको दोस्रो कार्यकालका लागि भएको चुनावको मतगणना जारी छ। स्थानीय तहमा नेपाली कांग्रेस पहिलो शक्ति बन्ने देखिँदै छ। स्थानीय तहहरूले ५ वर्षे कार्यकालको अन्तिम बजेट गत असारमै ल्याए। यही जेठ १५ मा संघीय सरकारको ५ वर्षे कार्यकालको अन्तिम बजेट आउँदै छ।

यसै गरी प्रदेशहरूले पनि असार १ मा पहिलो कार्यकालको अन्तिम बजेट ल्याउँदै छन। अबको बजेट चुनावी बजेट पनि होरु चुनावी बजेटका आफ्नै सीमितताहरू हुन्छन्, धेरै अपेक्षा गर्न पनि सकिन्न। स्थानीय तहको मतगणनाको सरगर्मीसँगसँगै अहिले सिंहदरबारमा बजेटको चटारो छ। तर सिंहदरबार सुनसान छ। बजेटका समयमा सिंहदरबारका मन्त्रालयहरूमा जहिले पनि भीडभाड हुने गर्थ्यो। यसपालि मुख्यतया दुइटा कारणले भीड छैन। पहिलो, सबैको ध्यान मतगणनामै केन्द्रित छ। चुनावका लागि तल झरेका नेता-कार्यकर्ताहरू फर्किसकेका छैनन। दोस्रो, अधिकारसँगसँगै वित्तीय स्रोतसाधन पनि तलै गएको छ। अधिकार र वित्तीय स्रोतसाधन स्थानीय तहसम्म पुगेको हुँदा अहिले स्थानीय तहमा ठूलठूला नेताहरूको आकर्षण बढेको पनि हो। यो आलेख बजेटको सेरोफेरोमै केन्द्रित छ। प्रसंग सडकबाट सुरु गरिएको छ। संविधानले तीन तहका सरकारका लागि स्पष्ट लक्ष्मणरेखा कोरेको छ। सडककै सम्बन्धमा, स्थानीय सडक स्थानीय सरकारकै कार्यक्षेत्रमा पर्छरु तर आफ्नो पालिकाभित्रका सडकहरू वर्षौंदेखि लथालिंग हुँदासमेत स्थानीय तहहरू मुकदर्शक छन। मोफसलको त कुरै छाडौं, राजधानी सहरभित्रका सडकहरूकै बेहाल छ। जस्तो, ललितपुरको भैंसेपाटी सडक वर्षौंदेखि बन्न सकेको छैन। दुई-दुई पटक अर्थमन्त्री भएका विष्णु पौडेल र देशभरिका सडक निर्माणको नेतृत्व गर्ने अवसर पाएका तत्कालीन भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठका निवासको नाकैमुनिको त्यो सडक ठेकेदारको ढिलासुस्तीका कारण पाँच-सात वर्षयता लथालिंग छ। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष विश्व पौडेल र मेरोसमेत निवास रहेको यस क्षेत्रमा करिब एक दर्जन पटक भौतिक पूर्वाधार मन्त्रालयका पदाधिकारीहरू लगायतसँग ताकेता त मैले मात्र गरें। चौतर्फी दबाबपश्चात् भर्खर ठेकेदार तात्न थाले पनि कामगराइको तौरतरिका कछुवा गतिको छ। ललितपुरकै चापागाउँ-सुनाकोठीमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठसहितका स्थानीय बासिन्दाहरू सडकको बेहालका कारण ब्यानर बोकेर सडकमै उत्रे। काठमाडौं उपत्यकाभित्रै र वरिपरिका अधिकांश सडक गतिला छैनन। ठेकेदारहरू लापरबाह हुँदा कामले गति लिनै सकेको छैन। उपत्यकाबाहिर पनि सडकहरूको बेहाल छ। चार-पाँच महिनाअगाडि हेटौंडाबाट बिहानै हिँडेका हामी संसदीय समितिका सांसदहरूलाई नवलपरासीको दाउन्नेको जामका कारण भैरहवा पुग्न बाह्र घण्टा लागेको थियो।

महालेखा परीक्षकको कार्यालयको ५८ औं वार्षिक प्रतिवेदनमा हुलाकी राजमार्ग योजना कार्यालय, पर्सा अन्तर्गत गंगोल पुल बनाउन २०६७ असार २७ मा १ करोड ६० लाख ३३ हजार रुपैयाँमा सम्झौता गरेको निर्माण व्यवसायीले २०७७ माघ २६ सम्म पटक(पटक म्याद थप गर्दा पनि हालसम्म काम सुरु नगरेको उल्लेख छ। ठेक्का गरेको करिब ११ वर्षसम्म पनि काम सुरु नहुनु लापरबाहीको पराकाष्ठा हो। कान्तिपुर दैनिकले नै १७ करोडको पुल साढे ७ वर्षसम्म १० प्रतिशत मात्र भनेर २०७७ चैत १० मा मूल समाचार लेख्यो। समाचार अनुसार, गोरखाको गण्डकी गाउँपालिकास्थित बुटार र पृथ्वी राजमार्ग अन्तर्गत चितवनको चुमखोला जोड्ने पुल बनाउन सरकारले पप्पु कन्स्ट्रक्सनसँग २०७१ असारमा सम्झौता गरेको थियो। तर म्याद सकिएको चार वर्षसम्म १० प्रतिशत मात्र प्रगति भएको छ। सडक निर्माण सम्बन्धी यस्ता विवरण संकलन गर्ने हो भने दर्जनौं भेटिन्छन। समय-समयमा अनुगमन गर्ने र काम नगर्नेलाई दण्डित गर्ने हो भने यस्तो समस्या आउँदैन। यहाँ कमजोरी ठेकेदारको मात्र हैन, सरकारी संयन्त्रको पनि हो, सरकारको समेत हो। सबभन्दा महत्वपूर्ण विषय मन्त्री र कर्मचारीले ठेकेदार र बिचौलियाहरूसँग बाक्लो उठबस गरेपछि सडक लगायतका जुनसुकै काममा लापरबाही हुनु स्वाभाविकै हो, जुन राष्ट्रिय रोग बनिरहेको छ। सडक निर्माणजस्ता स्थानीय प्रकृतिका कामहरू स्थानीय तहले नै गर्ने हो भने खासै समस्या आउँदैन। न स्थानीय बासिन्दाहरूले जुलुस निकाल्छन्, न मेयर/अध्यक्षको घर घेर्छन। संविधानतः यस्ता सडकहरू स्थानीय तहको अधिकार क्षेत्रमै पर्छन। तर संघीय सरकार यस्ता सडकहरू स्थानीय तहलाई हस्तान्तरण गर्न तयार छैन, बरु विभिन्न परियोजनाका नाममा स्थानीय तह र प्रदेशको अधिकार क्षेत्रमा प्रवेश गर्दै छ। नेपाल सरकारको २०७६ जेठ ६ को मन्त्रिपरिषद् बैठकले राष्ट्रिय लोकमार्ग संघीय सरकार, प्रदेश लोकमार्ग प्रदेश सरकार र स्थानीय सडक स्थानीय सरकारबाट निर्माण तथा मर्मत हुने निर्णय गरेको थियो। देशभरका ८० राजमार्ग संघीय सरकारको कार्यक्षेत्रमा राखी बाँकी प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने निर्णय पनि भएको थियो। तर हस्तान्तरण त कता हो कता, उल्टै प्रदेश र स्थानीय तहको कार्यक्षेत्रमा संघीय सरकार प्रवेश गरेको विवरण महालेखा परीक्षक कार्यालयकै प्रतिवेदनमा छ ! जस्तो, महालेखाकै ५८ औं वार्षिक प्रतिवेदनमा ३३ सडक डिभिजन कार्यालयहरूले प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्र प्रवेश गरेको उल्लेख गरेको छ।

सडकका सम्बन्धमा मात्रै भए पनि सरकारका तहहरूबीच स्पष्ट रेखा कोर्न जरुरी छ। रणनीतिक महत्त्वका ठूलठूला परियोजनालाई छाडेर संघीय सरकारले ससाना योजनामा हात हाल्ने र प्रदेशले पनि त्यही देखासिकी गर्ने हो भने स्थानीय सरकार किन चाहियो ?

काठमाडौंका सडकहरूको दुरवस्थाका सम्बन्धमा मेयरलाई प्रश्न गर्ने हो भने 'यो त मेरो कार्यक्षेत्रमा पर्दैन, संघले नै गर्छ' भन्ने उत्तर सुन्नुपर्छ। खानेपानी लगायतले बनाएका खाल्डाखुल्डीको प्रश्न गर्दा पनि उत्तर त्यही नै हुन्छ। जुनसुकै कुरा संविधानमा लेखेर मात्र हुँदैन, कार्यान्वयन महत्वपूर्ण हो। क्यानडामा स्थानीय सरकार प्रदेश मातहत हुन्छ। तर स्थानीय सरकारले सडकसहित स्थानीय पूर्वाधार र सेवाप्रवाहका शतप्रतिशत काम गर्छ। जर्मनीमा विश्वविद्यालय सम्बन्धी ९० प्रतिशत काम प्रदेश/ल्यान्डरले गर्छ। हामीकहाँ उच्च शिक्षा र प्रदेश विश्व विद्यालयको अधिकार प्रदेशलाई छ, तर संघीय सरकार थप विश्व विद्यालय खोल्दै छ। अहिले दुई दर्जनजति विश्वविद्यालय छन। एकाध विश्वविद्यालय संघमा राखेर अरू प्रदेशमा हस्तान्तरण गर्नुपर्नेमा अझ सरकारले थप विश्वविद्यालय खोल्दै छ। जस्तो, संखुवासभा जिल्लामा केन्द्रीय कार्यालय रहने गरी योगमाया सम्बन्धी विश्वविद्यालयको विधेयक अन्तिम स्वीकृतिको चरणमा छ। संघीय मुलुकहरू क्यानडा, जर्मनी र स्विटजरल्यान्डमा शान्तिसुरक्षा सम्बन्धी २५ प्रतिशतजति जिम्मेवारी स्थानीय सरकारले गर्छ। यस सम्बन्धी ६० देखि ७० प्रतिशत काम प्रदेश सरकारले गर्छ। नेपालमा प्रहरी प्रदेशको एकल अधिकार क्षेत्रभित्र भए पनि अझै समायोजन गरिएको छैन। संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रममा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सक्ने भन्ने उल्लेख छ। तत्कालीन ओली सरकारले साढे ३ वर्षसम्म पनि समायोजन गरेन। यो सरकार बनेको पनि १० महिना भयो, अझै सुरसार छैन। ससर्त अनुदानका नाममा ससाना योजना तथा कार्यक्रम हरूको ठूलो भारी स्थानीय र प्रदेशलाई बोकाइएको छ। चालु आर्थिक वर्ष २०७८-७९ मा स्थानीय तहतर्फको १७३ अर्ब रुपैयाँको ससर्त अनुदानमा ७८,१०८ वटा योजना तथा कार्यक्रम छन। त्यस्ता योजना तथा कार्यक्रम १,००० रुपैयाँका मात्रै ६०; १०,००० रुपैयाँ वा सोभन्दा साना ४,१४८; १० लाख रुपैयाँभन्दा कमका २१,५२३ वटा छन। प्रदेशकै सन्दर्भमा, ३५ अर्ब ८७ करोड रुपैयाँको ससर्त अनुदानतर्फ १४,९५८ वटा योजना तथा कार्यक्रम छन। ससर्त अनुदानतर्फका योजना तथा कार्यक्रमहरूमा मठ मन्दिरदेखि भ्युटावरसम्म प्रशस्तै छन। कम्तीमा अनुत्पादक क्षेत्रका योजनाहरूलाई निरुत्साही गर्नुपर्छ। नेपाली कांग्रेसको स्थानीय तहको चुनावी घोषणापत्रमा जनताको करबाट उठेको राजस्वलाई भ्युटावर, स्वागतद्वार जस्ता अनुत्पादक क्षेत्रमा लगानी नगर्ने प्रतिबद्धता जनाएको छ। यो प्रतिबद्धता स्थानीय कर राजस्वमा मात्र हैन, वित्तीय समानीकरण र राजस्व बाँडफाँटको रकमबाट पनि नहुने व्यवस्था हुन आवश्यक छ।

नेकपा एमालेको स्थानीय तहको चुनावी घोषणापत्रमा बेरोजगारलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध गर्ने भन्ने उल्लेख छ। तर महालेखाकै प्रतिवेदनले यस कार्यक्रमको नीतिगत व्यवस्था, सञ्चालन विधि र प्रभावकारिता लगायतमा प्रश्न उठाएको छ। प्रदेश र स्थानीय तहले यस कार्यक्रमको स्वामित्व नलिएको, कार्यक्रमहरू जुधेका जस्ता समस्याहरूको चर्चा छ।

संघीय सरकारका मन्त्रालय हरू खास परिस्थितिबाहेक प्रदेशभन्दा तल जान हुँदैन। संविधानतः यो म्यान्डेट पनि छैन। तर अहिले सिंहदरबारका कतिपय मन्त्रालय तथा निकायहरू ससाना तालिम लगायतका काममा पनि गाउँसम्म पुगेका छन। सिंहदरबारका मन्त्रालयहरूले पालिका-पालिकामा अभिमुखीकरण गर्दै हिँड्ने हो भने प्रदेशका मन्त्रालयको के काम ? जिल्ला सभा/समन्वय समितिको के काम ? सिंहदरबारका मन्त्रालय र निकायहरूले प्रदेशलाई सिकाउने/अभिमुखीकरण गर्ने लगायतका काम गर्ने अनि प्रदेशले तलकालाई सिकाउने/गराउने आशय संविधानको हैन र ?

संविधानमा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिणाम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने उल्लेख छ। वित्तीय समानीकरण र राजस्व बाँडफाँट मात्र हैन; ससर्त, विशेष र समपूरक अनुदानको परिणामको निर्धारण पनि आयोगबाट हुन आवश्यक छ। २०७८ सालको जनगणनाको प्रारम्भिक विवरण अनुसार ३१४ पालिकाको जनसंख्या ऋणात्मक छ। हिमाल र पहाड मात्र हैन, तराई-मधेशकै पालिकाहरूको जनसंख्यासमेत घटेको छ। जस्तो, बारा जिल्लाको प्रसौनी गाउँपालिकाको जनसंख्या यसअघिको भन्दा ३,३०० ले कम छ। जनसंख्या सहरकेन्द्रित हुने तर ग्रामीण क्षेत्रको जनसंख्या घट्दै जाने प्रवृत्तिका कारण त्यस्ता क्षेत्रको विकासमा सहजता होस् भन्ने लगायतका कारण भारतको वित्तीय आयोगले सन् १९७१ देखि २०२० सम्म वित्तीय हस्तान्तरण गर्दा १९९१ को जनसंख्यालाई आधार मान्ने गरेको थियो। नेपालमा पनि यस्तै अभ्यासको आवश्यकता छ। यसका लागि २०६८ सालको जनसंख्यालाई आधार मान्ने अभ्यासको थालनी आवश्यक छ।

स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहको बजेट असार १० भित्र ल्याउनुपर्छ। असार मसान्तभित्र सभाबाट स्वीकृत गर्नुपर्छ। ५ वर्षको स्थानीय तहको अभ्यास हेर्दा करिब एकतिहाइ स्थानीय तहले समयमै बजेट पेस वा स्वीकृत नगरेको पाइएको छ। यसलाई चिर्न पनि मास स्केलमा स्थानीय तहमा कार्यसम्पादन मापनमा आधारित अनुदान प्रणाली लागू गर्न आवश्यक छ। यसले स्थानीय तहको वित्तीय अनुशासन र सुशासन अभिवृद्धिमा सहयोग गर्छ। कार्यसम्पादनमा असफल हुने पालिकालाई न्यूनतम वित्तीय समानीकरण अनुदान मात्र वितरण गरी बाँकी अनुदान राम्रो गर्ने उही प्रदेशभित्रको अर्को पालिकामा पठाउने व्यवस्था लागू गर्नुपर्छ। यस्तो व्यवस्था विगत एकात्मक व्यवस्थाको स्थानीय निकायमा लागू थियो। यसले स्थानीय तहहरूबीच प्रतिस्पर्धासमेत गराउँछ। समयमै बजेट पेस र स्वीकृतिको सुनिश्चिततासमेत हुन्छ।

आर्थिक वर्ष सुरु हुनुभन्दा डेढ महिनाअगाडि नै बजेट ल्याउँदा पनि खर्च प्रणालीमा कुनै सुधार भएको छैन। महालेखाको प्रतिवेदन अनुसार, कुल खर्चको २० प्रतिशत असारमा मात्र हुने गरेको छ। यो समस्या प्रदेश र स्थानीय तहमा पनि छ। मन्त्रालयगत रूपमा खर्चका आधारमा पनि बजेट विनियोजन गर्ने प्रचलन विकास गरिनुपर्छ। प्रदेशको कुल बजेटमा करिब २० प्रतिशत खर्च नभई नगद मौज्दात छ। यस सम्बन्धमा प्रदेशहरू सचेत हुन आवश्यक छ।

क्षेत्रगत रूपमा कार्यक्रम र योजनागत रूपमा बजेट विनियोजन नगरी ठूलो रकम अबन्डामा राख्ने प्रचलन अधिकांश स्थानीय तहमा छ। यसमा सुधार हुन सकेन भने स्थानीय स्रोत लक्षित वर्ग र क्षेत्रमा भन्दा पनि टाठाबाठाहरूका क्षेत्रमा जान्छ, जाने गरेकै पनि छ। एक(दुई प्रदेशमा समेत अबन्डाको ठूलो समस्या छ। आर्थिक कार्यविधिको भावनाविपरीत जथाभावी रकमान्तरको समस्या पनि छ। यो समस्या स्थानीय र प्रदेशमा मात्र हैन, संघमा पनि छ। जस्तो, १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने विनियोजन ऐन २०७६ को भावनाविपरीत ५३२ प्रतिशतसम्म रकमान्तर गरिएको विवरण महालेखाको प्रतिवेदनमा छ।

कार्यबोझका आधारमा कर्मचारी र वित्तीय स्रोतसाधनको व्यवस्था हुने गरी संस्थागत संरचनाको निर्माण हुन आवश्यक छ। सिंहदरबारको कार्यबोझ कम छ तर कर्मचारी धेरै छन्, विभागहरू धेरै छन। स्थानीय तह र प्रदेशको कार्यबोझ धेरै छ तर कर्मचारी न्यून छन। यस पक्षमा सुधार आवश्यक छ।

यहाँ उल्लेख गरिएका समस्या तथा विवरणहरू केही साताअगाडि अर्थ मन्त्रालयमा भएको बजेट छलफलमा मैले लिखित रूपमै पेस गरेको थिएँ। संघीयताको कार्यान्वयनसँग सम्बन्धित यस्ता अधिकांश सवालको सम्बोधन हुने गरी बजेट तर्जुमा हुनुपर्छ। बजेटलाई दिशानिर्देश गर्न त्यो सबैभन्दा पहिला सरकारका नीति तथा कार्यक्रममा पर्नुपर्छ।

वास्तवमा, सरकारका तहहरूले संविधानप्रदत्त लक्ष्मणरेखालाई मात्र आत्मसात् गर्ने हो भने कुनै समस्या आउँदैन। एक तहले अर्को तहको अधिकारक्षेत्र आत्मसात् नगर्ने र माथिल्लो तहको सरकारले तल्लो तहका सरकारका अधिकारहरू बेवास्ता गर्ने हो भने यस्ता बाँकी ३ पृष्ठमा

# खेलकुद

## यू-१९ महिला क्रिकेटको कप्तानमा कृतिका मरासिनी

काठमाडौं। यू-१९ महिला क्रिकेट टिमको कप्तानमा कृतिका मरासिनी छनोट भएकी छिन्। नेपाल क्रिकेट संघ(क्यान)ले सोमबार कृतिका मरासिनीलाई



कप्तानको रुपमा घोषणा गरेको हो। मलेसियामा हुने यू-१९ विश्वकप छनोट खेल्न जानुअघि टिमको नयाँ कप्तानको जिम्मेवारी कृतिका मरासिनीलाई दिएको हो। ४ जुनदेखि मलेसियामा हुने प्रतियोगितामा नेपालले मलेसिया, युएई, थाइल्यान्ड, चीन, भुटान, म्यानमार र कतारसँग प्रतिस्पर्धा गर्नेछ।

## अमेरिकामा सकेसम्म धेरै खेल जित्नेछौं : कप्तान सन्दीप

काठमाडौं। नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान सन्दीप लामिछानेले अमेरिकामा हुने आईसीसी क्रिकेट विश्वकप लिग टू शृंखलामा सकेसम्म धेरै खेल जित्ने बताएका छन्। २५ जेठदेखि १ असारसम्म अमेरिकामा नेपाल, ओमान र अमेरिका सम्मिलित त्रिकोणात्मक एकदिवशीय अन्तर्राष्ट्रिय श्रृङ्खला हुँदैछ। जसमा नेपालले दुवै टिमसँग दुई दुई खेल खेल्नेछ। लिग टू मा




यसअघि यी तीन टिमले नेपालमा २०२० मा खेलेका थिए। यस्तै २०२१ मा यी तीन टिमले ओमानमा खेलेका थिए। नेपाल क्रिकेट संघ क्यानले आईतबार नेपाल र अमेरिकाबीच कुटनीतिक सम्बन्धको ७५ औं वर्षगाँठको अवसरमा लिग टू बारे जानकारी गराउन पत्रकार सम्मेलन आयोजना गरेको थियो। जसमा सन्दीपले अमेरिकामा हुने टुरका लागि उत्साहित रहेको र सकेसम्म धेरै खेल जित्ने बताए। 'अमेरिकामा सक्दो बढी खेल जित्ने प्रयास गर्नेछौं', सन्दीपले भने। सन्दीपले आफ्ना क्रिकेट जर्नीको बारेमा संक्षिप्त जानकारी गराउँदै यसअघि अमेरिकाले भिसा नदिएको समेत स्मरण गरे।

यस्तै प्रशिक्षक पुबुद दासानायकेले आफू नेपाल र अमेरिका दुवै टिमको प्रशिक्षक रहिसकेको बताउँदै नेपालको लागि यो राम्रो अवसर हुने विश्वास जनाए। उनले लिग टू सन् २०२३ को विश्वकपको छनोटको आधार रहेको बताउँदै अमेरिका टुरका लागि उत्साहित रहेको बताए। उनले भने, 'हामी मुख्य प्रतियोगिता भन्दा अघि जान्छौं। नेपाली समुदायले केही अभ्यास खेल आयोजना गर्दैछन्। हामी राम्रो टुरको लागि अगाडी हेरिरहेका छौं।

## एन्फा अध्यक्षमा कर्मा छिरिङको उम्मेदवारी घोषणा

काठमाडौं। अखिल नेपाल फुटबल संघ एन्फाको आसन्न निर्वाचनका लागि वर्तमान अध्यक्ष कर्मा छिरिङ शेर्पाले पुनः अध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन्। सोमबार तिनकुनेस्थित रोएल ब्यांकेटमा एक कार्यक्रमका बीच कर्मा छिरिङले प्यानसहित पुनः उम्मेदवारी दिने घोषणा गरेका हुन्।

'नेपाली फुटबलको संस्थागत विकासका लागि निरन्तर परिवर्तन, आर्थिक सबलीकरण र व्यावसायिकता हाम्रो अभियान' भन्ने नारासहित कर्माले प्यानसहित उम्मेदवारी घोषणा गरेका हुन्। कर्मा छिरिङ शेर्पाको प्यानमा वरिष्ठ उपाध्यक्षमा शिक्षित पराजुली, उपाध्यक्ष दीर्घबहादुर केसी (कुमार), उपाध्यक्ष रत्नकुमार श्रेष्ठ, उपाध्यक्षमा उपेन्द्रमान सिंह रहेका छन्। यस्तै, सदस्यहरूमा फ्रेण्ड्स क्लबका अध्यक्ष दिपक थापा, सिराहका प्रविन यादव, साँगा क्लबका रुपेश अधिकारी, लमजुङका लोकेन्द्र गुरुङ, बाग्लुङका पूर्वअध्यक्ष राम राजा गुरुङ, मकवानपुरका टिकाराम लामा, बाँकेका प्रदेश सिंह राठोर, जुम्लाका भरत बुढथापा, मछिन्द्र क्लबका उपाध्यक्ष अनिल श्रेष्ठ, च्यासल क्लबका अध्यक्ष रमेश व्यञ्जनकार, खुमलटार मणिराज विष्ट, टोखा क्लबका मनिष जोशी रहेका छन्। यसअघि असन्तुष्ट समूहबाट वर्तमान वरिष्ठ उपाध्यक्ष पंकज नेम्वाङले अध्यक्षमा मनोनयन दर्ता गरिसकेका छन्। एन्फाको २१औं चुनावी साधारण सभा असार ६ गते हुनेछ।

## युगान्डाविरुद्ध नेपालको पहिलो जित

काठमाडौं। युगान्डाविरुद्धको चौथो ट्वान्टी-२० अन्तर्राष्ट्रिय खेलमा नेपाल १५ रनले विजयी भएको छ। शुक्रबार त्रिवि क्रिकेट मैदानमा वर्षाका कारण १८ ओभरमा घटाइएको खेलमा नेपालले दिएको ९८ रनको लक्ष्य पछ्याएको युगान्डाले निर्धारित ओभरमा आठ विकेट गुमाएर ८२ रनमात्र बनाउन सक्यो। युगान्डाकी जनेत एम्बाबाजीले सर्वाधिक २१ रन बनाइन्। यसबाहेक, रिता न्यान्गेन्डो र फियोना कुलुमेले समान १६ रन जोड्दा ओपनर केभिन अविनो ११ रनमा पभेलियन फर्किएकी थिइन्। बलिङमा नेपालकी हिरनमायी रोयले दुई विकेट लिइन्। तीन ओभर बलिङ गरेकी रोयले ११ रन खर्चिइन्। यस्तै, कप्तान रुविना क्षेत्री, अस्मिना कर्माचार्य र कविता कुँवरले एक एक विकेट लिए।

# समीक्षा : छाइल : उपन्यास एक छायाँ अनेक

**वसन्तराज पाध्याय (बझाङ)**

जेठ वैशाख छाइल बस्नु पीपल डालीको !
केही माया हाँसोको हुन्छ केही माया गालीको !!

नेपाल विविध भाषा एवं भाषिकाले सम्पन्न मुलुक हो । त्यसैमध्ये छाइल डोटेली शब्दावली हो, जसको अर्थ हुन्छ छायाँ। नेपालका तीन प्रशासकीय गौंडामध्ये डोटी गौंडा पनि महत्वपूर्ण मानिन्छ।यसै गौंडाको नामको राज्य पनि थियो, जसलाई डोटी गौंडा भन्ने गरिन्थ्यो।उही डोटी गौंडाको समग्र भाषा डोटेली भाषा-संस्कृति भनी पहिचान पाएको हो । यो पहिचान डोटी जिल्लाभित्रको मात्र होइन। समग्र तत्कालीन डोटीराज्य हालको सुदूरपश्चिम प्रदेश र कर्णालीका केही भूभाग समेत यही राज्यमा समेटिएका थिए ।

यसै राज्यको भाषिकामा छाइल उपन्यास तत्कालीन समग्र डोटेली राज्यको छायाँ-प्रतिछायाँ बनाएर प्रस्तुत गरिएको छ । डोटेली युवा लेखक लोकराज भट्टले यसै परिवेशका तीनपुस्ते जीवनलाई अभावले अनवरत खेदिरहेको संघर्षको शाब्दिक चित्र सुन्दर ढङ्गले कोरेका छन् । प्रस्तुत उपन्यासमा एकातिर बालापनमा हुने बालबिज्याइँ समेटिएको छ भने अर्कोतिर सहर नजिकै हुँदा पनि सहरिया सुविधा नपाउँदा हुने अभावको पीडा पोखेका छन्। सुदूरपश्चिममा भोकमरी, गरिबी र अभाव मात्र नभएर कुरीति र कुसंस्कारका पहाडहरु समेत पर्खिरहेका कुराहरु दर्शाइएको छ ।

मान्छे मरेपछि तेह्र दिन किरिया गर्दछन् । छोरी पर सर्नु भनेको आफ्नो किरिया आफैं गर्नुपर्ने रहेछ । दिदी धेरै दुब्लाइसकेकी थिई । उपन्यासमा लेखिएका यी वाक्यांशले यो भूगोलको छाउपडी प्रथाको गहिराइ नापेका छन् भने ठुटो र जुठो खानेले ठूलो सपना देख्नुहुँदैन भन्दै जारी प्रथाको प्रतिनिधिमूलक केस्रा प्रस्तुत गरेका छन्। सुदूरपश्चिममा रहेको कुरीति जातीय विभेदको समाजमा पर्ने असरको चर्को विरोध गर्दै प्रतिछायाँ समेत देखाएका छन्।साथै धनीवर्गले गरिब वर्गलाई हेर्ने दृष्टिकोण र वर्गविभेद दर्शाउँदै धनी मान्छेहरु संवेदनाहीन हुन्छन् भन्ने दाबी पेश गर्दै बूढो हुँदा पनि देशी साहूले खच्चरलाई भारी बोकाउन छोडेन भन्ने शाब्दिक दृष्टान्त पेश गरेका छन् ।

खच्चर दारु खाएर काम गर्थे । मान्छे काम छाडेर दारु खान्थे।खच्चर दारु खाएर भारी बोक्दै कुटाइ खान्थे । मान्छेहरु दारु खाएर कामबाट फर्किएकी आफ्नी श्रीमतीलाई कुट्थे । दारु खाने खच्चर र मान्छेमा यही फरक थियो भन्दै मदिराले समाजमा पारेको असर प्रभावको चाखलाग्दो पाराले केसा-केस्रा केलाउने प्रयास छन् । विकासले जुर्मुराउन खोजेको गाउँले दिनभरि बाटो काट्दै र साँझबिहान दुःख काट्दै दुःखको व्यथा कोरेका उपन्यासकारले द्वन्द्वरत विकास र विनाशले तत्कालीन माओवादीको जनयुद्धको प्रभावले गाउँलेहरू आहत र द्वन्द्वबाट विस्थापित भएका कथा समेत कोरेका छन् ।

डोटीको सेरोफेरो हुँदै दिपायलदेखि धनगढी सहरबाट काठमाडौंसम्मको परिवेश र पात्रले सजिएको उपन्यास अभाव, संघर्ष, सपना र प्रेमले सजिएको छ । उपन्यासको आश्वादनबाट यो वैशाखको उखरमाउलो गर्मीमा छाइलको शीतलता लिन सकिन्छ ।


दमाई मर्दा शंख बजाउँदा पनि पाप लाग्छ भन्ने विभेदकारी समाजको चित्रण गर्दै छोरीले माइतीघर छोड्दाको कारुणिक छायाँ समेत छायाङ्कन जस्तै स्पष्टरूपमा देखाइएको छ । उपन्यासकारले अगाडि भनेका छन् बिहेको दिन दिदी झम्टिएर रोई । स्वर सुक्ने गरी रोई । संघर्षका लागि आफ्नै घर पनि विरानो भयो भनेर रोई । दिदीलाई संस्कारले आफ्नै घरबाट अलग भएर पराइ बनाउँदै थियो । आफन्त जस्ता लाग्ने सबै पराइ बनेका थिए । अन्जान पराइहरुले आफन्त बनेर दिदीलाई लैजाँदै थिए । फरक प्रसंगमा सामान्य गाउँले नेता सहरमा धनाढ्य भएको दृष्टान्त पेश गरेका छन् ।

यो उपन्यास प्रेम प्रसंग र उपकथाले पनि सुसज्जित छ, जहाँ स्कुले जीवनमा नै प्रेमिका खोज्न बालाप्रेम स्कुल लगत्तैको उच्च शिक्षामा फरक परिवेशमा फरक पात्र खोज्दै गरेको कुरकुरे बैंस र प्रेमको जालो देखिन्छ । आफू दुवैको गाउँ नजिकैको सहरको प्रेमबाट पनि अलग्गिएर अर्को क्षेत्रीय सहर पुग्दा पुरानो प्रेमिल जीवन सम्झिँदै क्याम्पस पढिरहेको युवाको कथा छ । त्यो सहर पनि छोडेर काठमाडौं जाँदा दबाव, अभाव र एक्लोपनले छटपटाइरहेको एउटा युवक आमाका सपना साकार पार्न संघर्षरत देखिन्छ । बा-आमाका सपना साकार पार्न संघर्षरत अर्को युवा पात्र पनि भेटिन्छ । दुवै आफ्नो जीवनको लयमा फर्कन्छन् ।

तर दुखद् पक्ष सपनाको उजेली भर्ने बा-आमालाई सपनाको फल देखाउन नपाउँदै बा-आमा परलोक भइसक्छन् । प्लस टु पढेकी प्रेमिका पढाइ सकेसँगै विदाइ भई आफू पढेको सहर पनि विदा भयो । संयोगले पुराना प्रेमी-प्रेमिका एउटै सहरको एउटै क्याम्पस पढ्दा रहेछन् । प्रेमिकाको प्रतीक्षामा तड्पिरहेको युवालाई बेवास्ता गरेपछि वैकल्पिक बाटो खोज्दै कसैसँग नजिकिएको युवा काठमाडौं जस्ता सहरमा केही समय एक्लै भए पनि उनी उच्च शिक्षा पढ्ने बेला नजिकिएको केटीको सहाराले रुपान्तरण भएको देखिन्छ ।

संघर्षको बाली पाक्न नपाउँदै अचानक आमाको मृत्युको खबरले एक्लो छोराका सपनाले समेत मृत्युवरण गर्छ । तर बाँकी सपनाले उजेली भरेर पुनः सहरको संघर्षमा लाग्ने युवाको कथाले एक्लै दुःखका भारीले थिचिरहने बुवा र बाँकी आफ्नै जीवनलाई सुमसुम्याइरहेको छ।आफ्नो बालाई खुल्ला विश्वविद्यालयको छायाँ देख्ने पात्र जन्मिँदै हुर्किंदै गाउँले स्कुल गाउँ नजिकैको सहर अलि ठूलो क्षेत्रीय सहर हुँदै काठमाडौंसम्म कहिले बालापनसम्मको स्नेह आमाको आशीर्वाद, कहिले बुवाको प्रेरणा मार्ग, कहिले प्रेमिकाको सुगन्ध बोक्दै सोही बाटो पुनः गाउँमै पुग्छ । परम आनन्द भई स्कुले जीवनमा मनपराएको र पहिलो प्रेमपत्र कोरेकी नारीको हातबाटै उही आफ्नै गाउँमा बिसन्चो हुँदा आफ्नै गाउँघरको स्वास्थ्य चौकीबाट पत्तो नै नपाई स्वास्थ्य सेवा पाएको रहेछ । आखिर त्यसैले उसलाई निको भयो र विगतमा फर्किंदै गर्दा उसका हजारौं बसन्तले एकैपटक पालुवा भरेर कथा अन्त्य हुन्छ ।

डोटीको सेरोफेरो हुँदै दिपायलदेखि धनगढी सहरबाट काठमाडौंसम्मको परिवेश र पात्रले सजिएको उपन्यास अभाव, संघर्ष, सपना र प्रेमले सजिएको छ । लेखकले स्थानीय शब्द-शब्दावलीको स्वाद भरेका छन् भने अर्कोतिर सांस्कृतिक पाटाहरु उसैगरी उजागर गरेका छन् । उपन्यासमा राखिएका कतिपय समाजले सहजै पचाउन नसक्ने शब्दहरूको प्रयोग भएको देखिन्छ । यस्ता अपाच्य शब्दहरु नभएको भए उपन्यास थप सुन्दर र वजनदार हुथ्यो भन्ने अपेक्षा गर्न सकिन्छ । कतिपय स्थानमा एउटा कथावस्तु नसकी अर्को सुरु भई पुनः पुरानै कथाको निरन्तरता दिन खोजेका छन् ।






उपन्यासकारको पहिलो प्रयासको रूपमा यो छाइल बुक्स हिमालयले प्रकाशन गरी बजारमा ल्याएको हो । ४०५ रुपैयाँ मूल्य राखिएको यो उपन्यासको आश्वादनबाट यो वैशाखको उखरमाउलो गर्मीमा छाइलको शीतलता लिन सकिन्छ ।

आञ्चलिकताको भरपूर स्वाद पस्कन सफल यो उपन्यास समग्रमा एक सुन्दर र पठनीय रहेको दाबी गर्दा अन्यथा ठहरिने छैन । -अनलाइनखबर

## ६७ पालिकामा जित दोहोऱ्याउन कांग्रेस असफल, गण्डकीमा झट्का

काठमाडौं । २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसले १७७ पालिकामा अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उप प्रमुख पद सहित जित हासिल गरेको थियो । प्रदेश १ मा २८, मधेस प्रदेशमा २९, बागमती २३, गण्डकी ३१, लुम्बिनी २१, कर्णालीमा १५ र सुदूरपश्चिममा २९ गरी १७७ पालिकामा कांग्रेसका प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्ष विजयी हुँदा कांग्रेस दोस्रो दल बनेको थियो । यस वर्ष स्थानीय तहमा सर्वाधिक ठूलो दल भएको कांग्रेसले पहिले जितेका कतिपय स्थान भने गुमाएको छ । हालसम्म गणना भएका आधारमा अघिल्लोपटक निर्वाचित भएर यसपटक कांग्रेसले गुमाएका पालिका संख्या ६७ छ । प्रदेश १ मा ९, मधेसमा १५, बाग्मतीमा ६, गण्डकीमा १६, लुम्बिनीमा ६, कर्णालीमा ३ र सुदूरपश्चिममा १२ गरी ६७ स्थानीय तहमा कांग्रेसले जित दोहोऱ्याउन सकेन । कतिपय स्थानमा मतगणना जारी रहेकाले यो संख्या थप बढ्न पनि सक्छ ।

प्रदेश १ मा ९ पालिकामा जित दोहोरिएन

ताप्लेजुङको सिरिजंघा गाउँपालिकाको अध्यक्ष पद कांग्रेसले आफैसँग राख्न सफल भएको छ । सत्तारुढ अरु दलसँग गठबन्धन बनेको यस पालिकामा उपाध्यक्ष माओवादीबाट निर्वाचित भएका छन् । संखुवासभाका चार पालिका भोटखोला, सिलिचोङ, चिचिला र धर्मदेवीमा यसअघि अध्यक्ष र उपाध्यक्ष नै कांग्रेसले जितेको थियो । भोटखोला र सिलिचोङका दुवै पद कांग्रेसबाट यसपटक एमालेले खोसेको छ । चिचिलामा गठबन्धन गरेर कांग्रेसले अध्यक्ष र माओवादी केन्द्रबाट उपाध्यक्ष विजयी भए । धर्मदेवी नगरपालिकामा प्रमुखमा जित दोहोऱ्याउन नसकेको कांग्रेसले उपप्रमुख भने बचायो । संखुवासभामा तीन पालिकामा कांग्रेसले जित दोहोऱ्याउन सकेन । ओखलढुङ्गाका चार पालिका खिम्जिदेवा, चम्पादेवी, सुनकोशी र मानेभञ्ज्याङमा २०७४ सालमा

बाँकी ६ पृष्ठमा

# कविता

## दुनै

दामोदर पुडासैनी किशोर

डाँडाका छालहरूमा
कुहिरोको टोपि पहिरेर
जूनेली चित्रमा
अनुबाद हुन खोज्दैछन् पहाडहरू
नदीका महान मूर्च्छनाहरू सुँघेर
खोजिरहेछु मैले कसैको
पहाडभन्दा अग्लो बिश्वास

साँझहरू सर्बस्व सुम्पेर
सपना देख्न लालायित छन्
जीवन भित्रका पिलपिले ताराहरूको

हरेक साँझ
पिउँदा पिउँदै थकित बनेको शरीर
र, यारचा गुन्भुको जोड घटाउ
ठूली भेरीको बहाब जस्तै अनन्त बनेको छ
जसरी
गुमनाम भागेको
पतिको संझनालाई इख्याउँदै
पालैपालो जिल्लाका
ठूला हाकिमहरूलाई
स्कचका बोतलबाट
झिँगिन टि सर्ब गरेर
ईच्छा आकाँक्षाका सूचिहरू
सूचिकृत गराउँन
सफल हुन्छिन् सधैं
सहरकै सर्बोत्कृष्ठ मैतालु मैसाब

शहरका
घरका छानामाथि ठड्याइएका लिँगाहरूमा
मायाका नेजा फेर्ने हतारो छ हरेक नीला शरदहरूमा

लुकिचोरी लाएको मायाको मोल
नौ लाख चुक्ता गरेको छ भर्खरै
भियाग्राको पारखी यारचा ब्यापारीले
हरेक क्षण चुकुलको चाँजोपाँजोमा तम्सिरहेका
सरकारी कर्मचारीहरूबाट
तल्लो दुनैदेखि उपल्लो दुनैसम्मका होटलहरूमा
कटुवाल घोषणामा हुँदैछ
पाएको,लाएको र खाएको
अमिलो पारदर्शन

जागिरमा भर्खर छिरेका लोक सेवाका प्रियपात्रहरू
'यसमा के छ ?' र ' यो के कुरा हो ? ' को जबाफ खोज्दै
भौतारिरहेछन् भेरीका किनारहरूमा

उता भर्खरैको निर्वाचनमा
जोड घटाउ बिगार्न सफल जनप्रतिनिधि
दफा उपदफा लेखेको पुस्तक नभेटेर
र, कर्मचारीको अपब्याख्यामा धर्मराएर
कुर्लेर भाषण गर्छ -
तालाकुचि बोक्न्याहरूलेनै यहाँ
ध्वस्त पारिरह्याछन् राष्ट्रको ढुकुटी

जुफाल ,मोतिपुर र कार्कीबाडाबाट
पाचघण्टा पैदल हिंडेर
दश रूपैयाँ दाना स्याउ बेचेका
रानीसाहेब र मैसाबहरूले
झिसमिसेमै सुरूप सुरूप पिएका छन्
सिन्के चाउचाउको पिरो झोल
र किनेका छन् साँझलाई
एक बोतल खोयाबिर्के
फर्कदा भेरीको झोलुँगे पुल तरेर
माग्दैछन् डाक्टर श्रीकान्त अग्रवालसंग
रातमा पसिना आउँने र दिनमा पेट फूल्ने
रोगको औषधि
भित्रभित्रै उगुच पल्टेका कयौ घाउहरूले
टनटनि दुखाइरहन्छ रात र दिनलाई
त्यो सबै डाक्टरलाई देखाउन
लाज लागिरहेछ उनीहरूलाई

जिल्लाको ब्यथा टुँगियोस् जिल्लामै
नआओस् राजधानीमा
एउटा गहन चिन्तनमा छ सिँहदरबार
उता छार्का ताँगसाँग,भिजेर,तिन्जे र सालदाँगमा
राज्य पुग्नै नसक्ने निर्णयमा पुग्यो
जिल्लाका भद्र भलाद्मी र कर्मचारीको बैठक

लावन,शहरतारा र धो तिरबाट झरेका
एकहूल घोडचढीहरू
भर्खर ओर्लेका छन् पहेला घोडाहरूबाट
ठूलीभेरीलाई कहाँनेर थिचेर
बिच्छ्याउन सकिन्छ एउटा आरामदायी ओछ्यान
कर्के नजरले हेर्दैछन् कुना कुनाका मान्छेहरू

हतारमा गाँसिएको एउटा दूनो
फनफनी घुमिरहेछ
भेरीको अलल्ले छालहरूमा

सुनको सिरानीमा मस्त निदाइरहेको राजकुमार
सपना देखिरहेछ ब्यूँझेपछि धामी पतुर्ने

# यस्ता आकर्षक फिचर सहित लन्च हुँदै स्कोर्पियो-एन

महिन्द्राले अब बजारमा ल्याउने नयाँ एसयूभीको नाम स्कोर्पियो-एन हुनेछ । कम्पनीले पहिले देखि नै भन्दै आएको जेड१०१ कोडनेमको नयाँ हुनेछ । एसयूभीमा क्रोम स्लेटसहितको नयाँ रेडिएटर ग्रिल, नयाँ एलईडी हेडल्याम्प युनिट, फग ल्याम्प हाउसिङको वरिपरि सी आकारको बताइएको छ । यसबाहेक स्कर्पियोमा क्लाइमेट कन्ट्रोल, फ्यान स्पिड कन्ट्रोल, सेकेन्ड लाइन यात्रुका लागि एसी भेन्ट, थ्री स्पिड स्टेयरिङ ह्विल, इलेक्ट्रिक



जेनेरेसन स्कोर्पियो अब स्कोर्पियो-एन नाममा आउने बताएको छ । त्यसैगरी पहिले देखि नै उपलब्ध स्कोर्पियो अब स्कोर्पियो क्लासिकको रुपमा उपलब्ध हुनेछ ।

स्कोर्पियो-एन हालको स्कोर्पियो भन्दा माथि र महिन्द्रा एक्सयूभी ७०० भन्दा तलको लाइनअपमा हुनेछ । लामो सयमको प्रतीक्षापछि महिन्द्राले सो एसयूभी जुन २७ मा लन्च गर्ने अपेक्षा गरिएको छ । यो भन्दा पहिले जुन २० मा सार्वजनिक गर्ने अनुमान गरिएको थियो । नयाँ स्कोर्पियो पुरानो मोडलको तुलनामा एकदम नयाँ एलईडी डीआरएल र फ्रन्ट स्किड प्लेट हुनेछ । साथै सो एसयूभीमा फ्लेर्ड ह्विल आर्क, साइड टेल गेट, अलोय ह्विलका लागि नयाँ डिजाइन र ठाडो टेललाइट हुनेछ । नयाँ महिन्द्रा स्कोर्पियोमा पुरानै इन्जिनको विकल्प हुने अपेक्षा गरिएको छ । यसमा २.० लिटर टर्बो पेट्रोल इन्जिन र २.२ लिटर टर्बो डिजेल इन्जिन समावेश छ । यी दुबै पावरट्रेन म्यानुअल र अटोमेटिक गियरबक्समा पेश गर्ने सम्भावना छ ।

नयाँ स्कोर्पियोमा बिग टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम, टायर प्रेसर मोनिटरिङ सिस्टम जस्ता फिचर दिइने सनरुफ, वायरलेस चार्जिङ, फ्रन्ट डोर स्पिकर, नयाँ इन्स्ट्रयुमेन्ट क्लस्टर, क्रुज कन्ट्रोल, इन्जिन स्टार्ट-स्टप बटन लगायतका फिचर पनि उपलब्ध हुनेछ ।

नयाँ स्कोर्पियोको ड्यासबोर्ड पूर्ण रूपमा परिमार्जन गरिएको छ । कारमा नयाँ डुअल टोन थिम हुनेछ साथै अपहोल्स्ट्री पनि डुअल टोन रङमा उपलब्ध हुनेछ । नयाँ स्कोर्पियोमा क्रुज कन्ट्रोल, फ्रन्ट पार्किङ सेन्सर, इलेक्ट्रोनिक स्ट्याबिलिटी कन्ट्रोल र ३६० डिग्री क्यामेरा जस्ता फिचर हुनेछ ।

# दैनिक १८० रुपैयाँ तिरेर यसरी लिन सकिन्छ होन्डा साइन

होन्डा मोटरसाइकलको नेपालका लागि आधिकारिक वितरक स्याकर ट्रेडिङ कम्पनीले होन्डा साइन बाइकलाई भुक्तानी गरेपछि बाँकी हुन आउने ४० प्रतिशत रकमलाई २ वर्षसम्मको सरल किस्तावन्दिमा दैनिक रुपमा रुपैयाँसम्म निर्धारण गरिएको छ। जस अनुसार शुरुमा १ लाख ६४ हजार ४ लाख रुपैयाँ डाउनपेमेन्ट गर्नुपर्ने हुन्छ




दैनिक किस्तावन्दिमा खरिद गर्न सकिने योजना अघि सारेको छ। उक्त योजना अन्तर्गत यो वाइक खरिद गर्दा ग्राहकले दैनिक १८० रुपैयाँमात्र किस्ता तिरे पुग्नेछ ।

यो योजनामा ग्राहकले सुरुवातमा ६० प्रतिशत रकम डाउनपेमेन्ट भुक्तानी गर्न सक्नेछन । कम्पनीले आफ्नै फाइनान्स मार्फत ७.५ प्रतिशत ब्याजदरमा यो वाइकलाई दैनिक सरल किस्तावन्दि योजनामा बिक्री गर्दै आइरहेको हो ।

यो मोटरसाइकलको मूल्य नेपाली बजारमा २ लाख ७४ हजार भने बाँकी हुन आउने १ लाख ९ हजार ६ सय रुपैयाँ र यसमा लाग्ने व्यजलाई दैनिक १८० सय रुपैयाँका दरले २ बर्षसम्म किस्तावन्दिमा भुक्तानी गर्न सकिनेछ । उक्त रकम खल्ति र ई-सेवा लगायत अन्य अनलाइन प्लेटफर्म मार्फत भुक्तानी गर्न सकिनेछ।

# सिप्रद्धीको १० स्थानमा डिसी चार्जिङ स्टेशन

टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रद्धी ट्रेडिङले देशका १० स्थानमा डिसी चार्जर सहितको चार्जिङ स्टेशन संचालनमा ल्याएको छ। बाँकी ६ स्थानमा समेत छिट्टै संचालनमा ल्याउने तयारी थालेको यो कम्पनी नेपालमा सबैभन्दा बढी संख्यामा डिसी चार्जिङ स्टेशन निर्माण गर्ने कम्पनी बनेको छ।

सिप्रद्धीले हाल काठमाडौंसहित पोखरा, इटहरी, भैरहवा, नरायणघाट, धार्के, मुल्कोट, हेटौडा, चुम्लिङटार र ढल्केवरमा यस्तो स्टेशन संचालनमा ल्याइसेको छ भने धनगढी, विर्तामोड, नेपालगन्ज, वाग्लुङ, लाहन र सिमारामा छिट्टै संचालन गर्ने तयारी थालेको छ ।

नेपाली बजारमा सर्बाधिक माग हुँदै आइरहेको टाटा नेक्सन र टिगोर इभीको बिक्रीमा बढोत्तरी आएसंगै कम्पनीले चार्जिङ स्देशन निर्माणलाई तिव्रता दिन थालेको हो । नेपालमा अन्य इभी आयतकर्ता कम्पनीहरुले सानो क्षमताको फास्ट चार्जिङ स्टेशन निर्माणमा मात्र ध्यान केन्द्रित गरिरहेको अबस्थामा सिप्रद्धीले भने देशैभर उच्च क्षमता सहितको डिसी स्टेशन निर्माण गरिरहेबाट भोलिका दिनमा यो ब्रान्डको इलेक्ट्रिक कारले थप गती लिनसक्ने अपेक्षा गर्न सकिन्छ।

# नेपाल भित्रियो पहिलो इलेक्ट्रिक क्रुजर बाइक

काठमाडौं । नेपाली बजारमा पहिले नै प्रि-बुकिङ गरेका ग्राहकका लागि कोमाकी ब्रान्डको इलेक्ट्रिक क्रुजर बाइक कोमाकी रेन्जर भित्रिएको छ । अमेजिङ ब्यालेन्स, स्मुथ राइड र एक्सट्रा अडिनरी फिचरका कारण यो अन्य भन्दा फरक भएको कम्पनीको भनाइ छ । यसमा भएको डबल डिस्क साउन्ड पाइप, ट्रिपल हेडल्याम्प, साउन्ड सिस्टमसहितको ब्लुटुथ, गियर मोड, रिभर्स र क्रुज कन्ट्रोल आदि विभिन्न विशेषता यसमा पाउन



नेपालका लागि आधिकारिक वितरक युनिटी ट्रेडिङ कन्सर्नले यी बाइक ग्राहकलाई डेलिभरी गरिने र अब फेरि बुकिङ गर्नेका लागि आगामी दिनमा अन्य युनिट समेत भित्र्याउने बताएको छ । भारतीय कम्पनी कोमाकीद्वारा उत्पादित क्लासिक क्रुजर स्टाइलको यो बाइक नेपाली बजारका लागि नौलो हुनेछ । सिंगल चार्जमा १८० किलोमिटर रेन्ज दिने बताइएको सो बाइकको मूल्य ४ लाख ३५ हजार रुपैयाँ तोकिएको छ । यद्यपि यसमा विभिन्न छुटहरु समेत उपलब्ध हुनेछ ।

कोमाकी रेन्जरको आकर्षक लुक, ब्रेक, आईसी इन्जिनकै बाइकमा भए जत्तिकै पावर ब्याकअप र सुपेरियर सस्पेन्सनले बाइकलाई पावरफुल बनाएको छ ।

कम्फर्टेबल सिटिङ, इन्क्लुसिभ ड्युअल स्टोरेज स्पेस, ड्युअल प्यासेन्जर फुटरेस्ट, एलईडी र थप विभिन्न हेडल्याम्प आदिले यो बाइकलाई आरामदायी बनाएको छ । त्यसैगरी यो बाइकमा रियर प्रोटेक्सन गार्ड, रियर टेलल्याम्प गार्ड र रियर ब्याक रेस्ट, फ्रन्ट बडी गार्ड, साइड स्ट्यान्ड सेन्सर, मोबाइल चार्जिङ युनिट, फ्लेम इफेक्ट सहितको ड्युअल सकिन्छ ।

यी वाहेक यो बाइकमा रिमोटबाटै लक गर्न सकिने सुविधा, डिस्क ब्रेक, सेल्फ डायग्नोसिस, टेलिस्कोपिक सकर, रिजेनेरेटिभ ब्रेकिङ, एन्टी थेफ्ट लक, अपराइड राइडिङ पोजिसन, प्यासेन्जर सिट, स्याडलब्याग्स, फोर्क माउन्टेड फेयरिङ र साइड स्ट्यान्ड सेन्सर जस्ता आकर्षक फिचर छन् ।

कोमाकी रेन्जरमा ४ हजार वाटको मोटर र ८० एम्पियरको कन्ट्रोलर छ । यसमा ७२ भोल्ट ५० एएचको लिथियम आयोन ब्याट्री छ, जसलाई ५ देखि ६ घण्टामा फुल चार्ज गर्न सकिन्छ ।

## पखालाबाट बचौं र बचाऔं ।

पखाला लाग्न नदिन,
- खुलास्थानमा शौच नगरौ, शौचालयको प्रयोग गरौं ।
- शौचालयको प्रयोग र फोहोर छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं ।
- खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं ।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफापानीमात्र पिउने गरौं ।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं ।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
- घरकाकोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं वरिपरि सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस